लामछिानेको रिट "हेर्दाहर्दै" मा मङ्गलबार सुनुवाइ हुने

पृष्ठ ५ मा


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २७ •अंक २९४ • २०८२ साल चैत १० गते मंगलबार (24 March, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मधेश प्रदेश सभाको बैठक आइतबार बस्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बैठक यही चैत १५ गते अर्थात आइतबार बस्ने भएको छ । मधेश प्रदेशका सभामुख रामअशिष यादवको अध्यक्षतामा प्रदेश सभा सचिवालयमा बसेको सर्वदलीय बैठकबाट प्रदेश सभाको छैटौं अधिवेशनको १४ औं बैठक आउँदो आइतबार बस्ने निर्णय गरेको छ ।

प्रदेश सभाको बैठकमा पेश गर्ने विभिन्न विषयहरूमा सर्वदलीय बैठकमा छलफल भएको छ । मधेश प्रदेश सभाको बैठकमा प्रदेश सभा सचिवालयमा दर्ता भएका मधेश प्रदेश सभा कार्यसञ्चालन नियमावली २०८२ को मस्यौदा समितिको प्रतिवेदन छलफलका लागि पेश गर्ने निर्णय भएको जनाइएको छ ।

त्यस्तै विषयगत समितिको वार्षिक प्रतिवेदन, प्रदेश लोक सेवा आयोगको छैटौं वार्षिक प्रतिवेदन र गाउँसभा, नगरसभा, जिल्ला सभा कार्यसञ्चालन कार्यविधि ऐन २०७७ संशोधन गर्ने विषयमा छलफल गर्ने निर्णय सर्वदलीय बैठकले गरेको मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जानकारी दिए ।

### मधेशी दलमा आगामी मार्गचित्रबारे अन्योलता

# आ-आफ्नो दलको बैठक बस्दै, समीक्षा गर्ने योजनामै सीमित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मधेश केन्द्रित दलले आफ्नो उपस्थिति देखाउन नसकेपछि अन्योलको स्थिति देखा परेको छ ।

जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, आम जनता पार्टीलगायतका मधेश केन्द्रित दलले निर्वाचनमा एक सिटसमेत ल्याउन नसकेपछि आन्तरिक रुपमा समीक्षा गर्न लागेका छन् । तर आगामी दिनमा अगाडि कसरी बढ्ने बारे अझैसम्म पनि ठोस कार्ययोजना ल्याउन सकेको छैन ।

निर्वाचनमा पराजित भएपछि मधेश केन्द्रित दलका शीर्षनेताले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साहको जितसँगै भावी प्रधानमन्त्री हुने पक्कापक्की भएपछि आफ्नै जित सरह देखे पछि अबको मार्गचित्रबारे अन्योल कायमै राखेको छ ।

प्रधानमन्त्रीको शपथ लिन तयार भएका रास्वपाका वरिष्ठ नेता साहलाई मधेशी केन्द्रित दलहरूले सफलताको शुभकामना दिएपछि उनीहरुबीचमा पनि यस विषयमा विवाद देखिएको छ । मधेशी मूलका पहिलो प्रधानमन्त्री नियुक्त हुन लागेकोमा उनीहरू खुसी व्यक्त गरे पनि आफ्नै पार्टीभित्र आलोचित समेत भए । तथापि आगामी कार्यक्रम बनाउने आन्तरिक तयारीमा उनीहरु जुटेका छन् ।

निर्वाचनमा मधेश प्रदेशबाट एक सिट नजिते पनि जसपा नेपालले चैत दोस्रो साता केन्द्रीय समिति बैठकबाट समीक्षासहितको आगामी कार्यक्रम तय गर्ने जनाएको छ । जसपा नेपालका नेता मनिष सुमनले चैत १५ मा निर्वाचनको समीक्षा गरी कार्यक्रम बनाइने जानकारी दिए ।



मधेश केन्द्रित दलहरू संघीयता, गणतन्त्र, समानुपातिक, समावेशी प्रणालीको रक्षाका लागि सचेत रहेको उनले बताए ।

निर्वाचनमा एक ढिक्का भएर जान नसकेपनि मधेशकेन्द्रित दलको मधेशी मोर्चालाई कायम राखी मधेशका साझा मुद्दामा सहकार्य गर्ने उनले जिकिर गरे ।

विगतमा भएक कमीकमजारीलाई सच्याउँदै जसपा नेपालप्रति मधेशी जनताको विश्वास कायम राख्ने सुमनले बताए ।

त्यस्तै जनमत पार्टीका अध्यक्ष सीके राउतले निर्वाचनलगत्तै संसदीय राजनीतिबाट सन्न्यास लिने घोषणा गरे । तर उनले मधेशका मुद्दामा भने निरन्तर संघर्ष गर्ने बताए ।

२०७५ फागुन २५ मा तराई-मधेशको पृथकतावादी आन्दोलन परित्याग गरी शान्तिपूर्ण आन्दोलनमा आएका जनमतका अध्यक्ष राउतले ०७९ को निर्वाचनमा बेग्दै पहिचान बनाएका थिए । उनले भूमिहीन, किसान, दलितका मुद्दामा केन्द्रित भइ राष्ट्रिय पार्टी बनाउन सफल भएका थिए । तर यस निर्वाचनमा तराई मधेशबाट शून्य सिटमा झरेपछि सक्रिय राजनीतिबाट सन्यास लिने घोषणा गरेका थिए । मधेशमा एक सिटसमेत ल्याउन नसक्दा पनि अबको जनमतको आगामी यात्राबारे उनी स्वयम् अन्योल छन् । घुमाउरोपारामा सन्यास लिएको घोषणा गरे पनि उनले पार्टीलाई कसरी हाँक्ने वा नेतृत्व चयनको पद्धति हुने वा परिवारबाटै नेतृत्व हस्तान्तरण हुनेबारे स्पष्ट पार्न नसक्दा कार्यकर्ताहरु समेत उनीबाट सशंकित छन् ।

तर अब गठन हुने रास्वपाको सरकारको कामका आधारमा समर्थन वा विरोध गर्ने जनमतले जनाएको छ । जनमतका महासचिव चन्दन सिंहले बालेन्द्र साह नेतृत्वको सरकारको कामलाई नजिकबाट हेरेपछि आफ्ना कार्यक्रम बनाउने बताए । मधेश प्रदेशसभा सदस्यसमेत रहेका सिंहले प्रदेशसभाबाट पार्टीका एजेन्डा उठाइरहने बताए ।

०७९ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा जसपा नेपालले १२, लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ४ र जनमत पार्टीले ६ सिट जितेका थिए ।

फागुन २१ को चुनाव अघि जसपा नेपाल र लोसपाबीच पार्टी एकता भयो । निर्वाचनमा मधेशी मोर्चा बनाए पनि एकढिक्का भइ चुनावी मैदानमा उत्रिन नसक्दा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलगायत उम्मेदवार भएका सबै नेता पराजित भएका थिए ।

जसपा नेपालबाट अलग भइ अशोक राईको नेतृत्वको जसपा पनि यो निर्वाचनमा बढारिन पुग्यो । त्यस्तै प्रभु साहको नेतृत्वको आम जनता पार्टीले पनि सिट ल्याउन सकेन । ०७९ को निर्वाचनमा आजपाले एक सिट जितेको थियो ।

राजनीतिकर्मी उमेश झाले जेन-जी आन्दोलनपछि मधेश केन्द्रित दलसंग नयाँ मुद्दा नभएकाले पराजित हुनुपरेको बताए । सत्ता, पार्टी विभाजन गरी अध्यक्ष हुने प्रवृत्तिका कारण मधेशकेन्द्रित दलहरूप्रति भरोसा टुटेको उनको भनाइ छ ।

२०७९ को निर्वाचनपछि मुख्यरुपमा मधेशकेन्द्रित दलहरू र नागरिक उन्मुक्ति पार्टी सरकार बनाउने समीकरणमा जोडिएका थिए । सरकारमा पुगेपछि उनीहरूले तराई-मधेशका आमजनको भावनालाई प्रत्यक्ष प्रभावित हुने गरी कृषि, रोजगार, विभेद, भेदभावको अन्त्य गर्ने वाचालाई बेवास्ता गरे । जसका कारण उनीहरू प्रतिनिधिसभा निर्वाचन परिणाममा विराम लागेको चर्चा हुने गरेको छ ।

# मध्यपूर्व द्वन्द्वः इन्धन खपत घटाउने तयारीमा सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मध्यपूर्वमा जारी द्वन्द्वकाबीच नेपालको पेट्रोलियम पदार्थको आपूर्तिमा समेत प्रत्यक्ष प्रभाव पर्न सक्ने भन्दै सरकारी निकायहरु खपत घटाउन आन्तरिक छलफलमा जुटेका छन् ।

नेपाल आयाल निगम, यातायात व्यवस्था विभाग र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतले नेपालमा पेट्रोलियम पदार्थको खपत घटाउन आन्तरिक छलफलमा जुटेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा इरानसंगको युद्ध झन् लम्बिँदै जाँदा विश्वको ऊर्जा बजारमा थप संकटमा पर्न जाने देखिएको छ । तेल तथा ग्यास क्षेत्रमाथि भएका श्रृंखलाबद्ध आक्रमणपछि गत बिहीबार मात्रै कच्चा तेलको मूल्यमा तीव्र उछाल आएको थियो । अहिले पनि तेलको मूल्य उच्च नै छ ।

विश्लेषकहरूले खराब अवस्थाको परिदृश्यमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १५० देखि २०० अमेरिकी डलरसम्म पुग्न सक्ने अनुमान गरेका छन् । इरानको होर्मुज जलसन्धिबाट विश्वको झण्डै २० प्रतिशत तेल आवागमन हुने गरेको छ । यो पूर्ण रूपमा अवरुद्ध गर्ने रुसले चेतावनी दिँदै आएको छ ।

इरान-इजरायल-अमेरिका तनावले यदि 'स्ट्रेट अफ होर्मुज' मार्गको आपूर्ति बन्द भएमा विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र गतिमा बढ्ने देखिन्छ ।

कच्चा तेलको मूल्य प्रति ब्यारल १२० देखि १८० डलरसम्म पुगेमा नेपालको इन्धन आयात खर्च हालको तुलनामा दुईदेखि अढाई गुणासम्म बढ्ने अनुमान गरिएको छ । यस्तो अवस्थामा पेट्रोलियमले कुल आयातको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्नेछ ।

नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले जोर-विजोर प्रणालीको निर्णय निगमको अधिकारभित्र नभएको स्पष्ट पारे ।

ठाकुरले निगमले खपत व्यवस्थापन र समायोजनका सन्दर्भमा केही सुझाव वा अभ्यास गर्न सक्छ, तर नीति वा मूल्य निर्धारण जस्ता निर्णायक विषय सरकारको अधिकारभित्र पर्ने बताए ।

जोर-विजोर वा अन्य उपायहरूलाई सम्भावित विकल्पको रूपमा मात्रै छलफलमा राखिएको र यसलाई लागू गर्ने निर्णय सरकारले लिने बताए ।

अहिले पनि अत्यधिक मूल्यवृद्धिका कारण निगमलाई दैनिक चार अर्ब रुपैयाँ घाटा बेहोरिरहेको उनले बताए ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य निरन्तर बढिरहेकाले भविष्यमा आइपर्ने चुनौती



सामना गर्न खपत घटाउने तयारीमा जुटिएको उनको भनाइ छ ।

यता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाका सहसचिव शिवराम पोखरेलले पनि इन्धन खपत घटाउने विषयमा विभिन्न उपायबारे आन्तरिक छलफल भइरहेको बताए ।

उनले हाल इन्धनको मूल्य र आपूर्तिको अवस्थालाई ध्यानमा राख्दै उपभोग न्यून गर्ने उपायहरू खोजिँदैछ ।

पोखरेलका अनुसार जोर-विजोर प्रणाली पनि एक विकल्पको रूपमा छलफलमा रहेको छ । तर यसबारे कुनै निर्णय भइसकेको छैन ।

मन्त्रालयले सम्भावित विकल्पहरू तयार पार्ने काम गरिरहेको र तीमध्ये उपयुक्त विकल्प सरकारसमक्ष प्रस्ताव गरिने उनले बताए ।

विगतमा पनि नेपालमा सवारी साधनमा जोर-विजोर प्रणाली लागू गरिएको थियो । विशेष गरी इन्धन अभाव, प्रदूषण नियन्त्रण, र ट्राफिक व्यवस्थापनका कारण यस्तो निर्णय लिने गरिएको छ ।

नेपालमा पेट्रोलियम पदार्थको आयात झन् झन् बढ्दै गएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा नेपालमा सबैभन्दा बढी पेट्रोल भित्रिएको छ ।

भन्सार विभागका अनुसार पछिल्लो आठ महिनामा ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल आयात भएको छ ।

त्यस्तै नेपाल राष्ट्र बैंकले पेट्रोलियम पदार्थको मूल्यवृद्धि र भुक्तानी सन्तुलनमा पर्न सक्ने दबाबको सूक्ष्म निगरानी थालेको छ । नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.रामशरण खरेलले अहिले नेपालसंग करिब १६ देखि १८ महिनाको वस्तु आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति रहेको बताए ।

सामान्य अवस्थामा पेट्रोलियम पदार्थले नेपालको कुल वस्तु आयातको १५ देखि १८ प्रतिशत हिस्सा ओगट्छ, जुन एकल वस्तुको रूपमा सबैभन्दा बढी विदेशी मुद्रा खर्च हुने क्षेत्र हो । नेपाल पेट्रोलियम पदार्थका लागि भारतमा पूर्णतः निर्भर छ। भारतले अन्तर्राष्ट्रिय मूल्य समायोजन गरेर नेपाललाई बिक्री गर्ने भएकाले विश्व बजारमा तेलको मूल्य बढ्दा त्यसको सिधा असर नेपाली उपभोक्तामाथि पर्छ ।

केही साता अघि मन्त्रिपरिषद्बाट 'पेट्रोलमा इथानोल मिसावट गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' स्वीकृत पाएको छ । यससंगै देशको इन्धन सुरक्षा, आयात प्रतिस्थापन र विदेशी मुद्रा सञ्चितिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिश्रण गर्दा नेपालबाट वार्षिक करिब ६ अर्ब बराबरको पेट्रोलियम आयात घटाउन सकिने बताए । पेट्रोलमा इथानोल मिसाउने निर्णय लामो अध्ययन र छलफलपछि कार्यान्वयनको चरणमा पुगेको उनको भनाइ छ ।

इथानोल मिश्रणसम्बन्धी अध्ययन दुई दशकदेखि हुँदै आएको उल्लेख गर्दै उनले हाल पेट्रोलमा इथानोल मिसाउने आदेश २०८२ स्वीकृत भइसकेको र उक्त नीति राजपत्रमा प्रकाशित भएर कार्यान्वयनमा जाने चरणमा रहेको बताए ।




# मानव बेचबिखन तथा ओसार पसार मुद्दामा आठ जना पक्राउ

**टुडे समाचारदाता**

सिरहा । सिरहा प्रहरीले मानव बेचबिखन तथा ओसार पसार र जबर्जस्ती वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा होटल सञ्चालकसहित आठ जनालाई पक्राउ गरेको छ । सिरहको विभिन्न स्थानमा भएका तीन छुट्टाछुट्टै घटनामा संलग्न उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान थालिएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालले जनाए अनुसार पहिलो घटना लहान नगरपालिका-८ मा भएको छ । सो स्थानमा बस्ने दिलीप साह र उनकी श्रीमती सुनिताले तीन महिलालाई आर्थिक प्रलोभनमा पारी वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा पक्राउ गरिएको छ । उनीहरूलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ।

त्यस्तै दोस्रो घटना सिरहाको लहान-३ अस्पताल चोकमा रहेको 'अनलाइ होटल एन्ड लज'मा भएको हो । होटल सञ्चालिका ४० वर्षीया अर्चनाकुमारी चौधरीले चार महिलालाई सप्तरीको सुरुङ्गा-९ टिकुलियाका २१ वर्षीय अशोककुमार चौधरी, २० वर्षीय नितिककुमार चौधरी र १९ वर्षीय आकाश चौधरीसँग मिलेर वेश्यावृत्ति गराएको आरोप पक्राउ गरिएको प्रहरीले जनाएको छ। यस घटनामा संलग्न चारै जनालाई सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ।

त्यसैगरी, तेस्रो घटनामा धनगढीमाई नगरपालिका-११ स्थित 'खुश्बु होटल एन्ड लजका सञ्चालक ३४ वर्षीय गुज्जेश्वर साहले दुई महिलालाईसप्तरीको बलानबिहुल-६ का ३८ वर्षीय शिवकुमार यादवसंग मिलेर जबर्जस्ती वेश्यावृत्ति गराएको प्रहरीको आरोप छ। उनीहरूलाई पनि सात दिनको म्याद थप गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धान भइरहेको छ।

सिरहा प्रहरीले सबै घटनाका पीडित महिलाको पहिचान गोप्य राख्दै उनीहरूलाई 'साङ्केतिक नाम' दिएर कानुनी प्रक्रिया अगाडि बढाएको छ। जिल्लामा पछिल्लो समय होटल तथा निजी घर प्रयोग गरी यस्ता अवैध गतिविधि सञ्चालन गरिएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयले निगरानी बढाएको छ।

# न्याय माग्दै पीडितहरु महिला आयोगमा

काठमाण्डु। हिंसापीडित महिलाका लागि न्याय माग गर्दै पीडित पक्षले राष्ट्रिय महिला आयोगमा नाराबाजी गरेका छन् ।'महिला अधिकार सुनिश्चित गर', 'महिला हिंसा अन्त्य गर', 'महिला आयोग किन चुप् ?', 'इनिशा विक र रेश्मिका परियारलाई न्याय देऊ', 'छोरी चेलीको रक्षा गर' नाराका साथ पीडित पक्षले महिला आयोग परिसरमा नाराबाजी गरेका हुन् ।

सुर्खेतकी इनिशा विकको बलात्कारपछि हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गर्नुपर्ने र खोटाङकी रेश्मिका परियारको बलात्कारपछि हत्या घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेका छन् । माइतीघर मण्डलामा न्यायका लागि धर्ना बस्दा पनि न्यायका लागि कुनै सुनुवाइ नभएको भन्दै पीडित पक्षले महिला आयोगको ध्यानाकर्षण गराएका हुन् । पीडित पक्षको मागमा खोटाङ सेवा समाजले ऐक्यबद्धता जनाएको सचिव नवराज रोकाले जानकारी दिनुभयो। रासस



# जलवायु परिवर्तनका कारण मौसमजन्य घटना बढ्दै

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा हेर्ने ) चिरञ्जीवी चटौतले जलवायु परिवर्तनका कारण बाढी, पहिरोलगायत चरम मौसमजन्य घटनाहरू बढ्दै जाँदा भविष्य नै जोखिममा परेको बताउनुभएको छ।

विश्व मौसम दिवस २०२६ का अवसरमा आयोजित कार्यक्रममा सचिव चटौतले जलवायु परिवर्तनका असरसँग जुध्न जल तथा मौसमजन्य घटनाका पूर्वसूचना प्रविधि र जलवायुमैत्री पूर्वाधार विकास आवश्यक रहेको बताउनुभयो । उहाँले वैज्ञानिक तथ्याङ्कलाई प्रभावकारी रूपमा पूर्वसूचनामा रूपान्तरण गर्न सके मौसमजन्य घटनाबाट नागरिकको ज्यान जोगाउन सकिने धारणा व्यक्त गर्नुभयो ।"वैज्ञानिक तथ्याङ्कलाई समयमा नै पूर्वसूचनामा बदलेर जोखिम कम गर्न सकिन्छ । बाढी पहिरो, हिमताल विस्फोटबाट हुन सक्ने सम्भावित धनजनको क्षति कम गर्न सकिन्छ," उहाँले भन्नुभयो।



जल तथा मौसम सेवाहरूलाई आधुनिक, विश्वसनीय र प्रभावकारी बनाउन बहुपक्षीय सहकार्य अपरिहार्य रहेको सचिव चटौतले औँल्याउनुभयो । साथै, सरकार, प्राविधिक निकाय र सरोकारवालाबीच समन्वय बलियो बनाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । जलवायुजन्य जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली सुदृढीकरण, प्रविधिको प्रयोग विस्तार तथा संस्थागत सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् राजु धर प्रधानाङ्ग र वरिष्ठ जलविद् राम विकेशले संयुक्त रूपमा कार्यपत्र प्रस्तुत गर्दै अवलोकनदेखि सेवासम्मको मौसम प्रणालीको विकासक्रम, प्रविधिको प्रयोग तथा भविष्यका योजनाबारे जानकारी गराउनुभयो।

उहाँहरुले पछिल्लो समय मौसमजन्य पूर्वसूचनाको अवलोकनदेखि सेवासम्म मौसम पूर्वानुमान प्रणाली सुदृढ हुँदै गएको बताउनुभयो। अवलोकन, विश्लेषण, पूर्वानुमान र सेवामार्फत विपद् न्यूनीकरणमा प्रभावकारी योगदान पुऱ्याइरहेको उहाँहरुको भनाइ छ।

विश्व मौसम दिवस २०२६ को सन्दर्भमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमा मौसमसम्बन्धी सही अवलोकन बिना प्रभावकारी पूर्वानुमान सम्भव नहुने उल्लेख छ। वरिष्ठ मौसमविद् प्रधानाङ्गले मौसमले उड्डयन, कृषि, स्वास्थ्य, दैनिक जनजीवन तथा विपद् व्यवस्थापनलगायत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विश्वसनीय तथ्याङ्क सङ्कलन आवश्यक रहेको औँल्याउनुभयो । उहाँका अनुसार देशभरका स्वचालित र 'म्यानुअल' मौसम स्टेसन, राडार, उपग्रह तथा रेडियोसन्डे प्रणालीमार्फत वास्तविक समयमै तथ्याङ्क सङ्कलन गरिँदै आएको छ। सङ्कलित तथ्याङ्कलाई गुणस्तर परीक्षण तथा विश्लेषण गरी पूर्वानुमान तयार पारिने गरिएको छ।

सङ्ख्यात्मक मौसम पूर्वानुमान (एनडब्ल्युपी) प्रणालीमार्फत विभिन्न सरकारी निकाय तथा सरोकारवालालाई डेटा उपलब्ध गराउँदै आएको प्रधानाङ्गको भनाइ छ । "यसले यातायात, कृषि, पूर्वाधार विकास तथा विपद् व्यवस्थापनमा निर्णय लिन सहयोग पुऱ्याइरहेको छ," उहाँले भन्नुभयो।

हाल १२ घण्टा, २४ घण्टा, तीन दिन तथा साप्ताहिक पूर्वानुमान सेवा सञ्चालनमा रहेको छ । यस्तै, उड्डयन क्षेत्रका लागि विशेष मौसम सेवा, पर्वतारोहण पूर्वानुमान, कृषि मौसम सेवा तथा विशेष चेतावनी प्रणालीसमेत सञ्चालनमा छन् ।

विभागका अनुसार पछिल्ला वर्षमा प्रविधिको प्रयोग उल्लेखनीय रूपमा बढाइएको र स्वचालित मौसम स्टेसन, उन्नत उपग्रह, राडार प्रणाली तथा उच्च क्षमतायुक्त कम्प्युटर प्रणालीमार्फत पूर्वानुमानको शुद्धता सुधार गरिएको छ।

सन् २०२१ देखि सुरु गरिएको प्रभावमा आधारित पूर्वानुमान प्रणालीले विशेषगरी मनसुनको समयमा जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाएको विभागले जनाएको छ । भविष्यमा पाँचदेखि सात दिनसम्मको पूर्वानुमान सेवा, निर्णय सहयोग प्रणाली, कृत्रिम बुद्धिमत्ता आधारित विश्लेषण तथा मोबाइल एपमार्फत सेवा विस्तार गर्ने योजना रहेको पनि कार्यक्रममा जानकारी दिइएको छ।

जलविद् रायले बाढीसम्बन्धी पूर्वसूचनाका कारण सम्भावित जोखिम न्यूनीकरण भएको र धनजनको क्षतिसमेत कम भएको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो ।रासस

# निर्वाचनमा नयाँ मानक स्थापित गरेका छौं : गृहमन्त्री अर्याल



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न भूमिका निर्वाह गर्ने गृह मन्त्रालयका कर्मचारी र सुरक्षा निकायलाई सम्मान गर्नुभएको छ।

सोमबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा मन्त्री अर्यालले कर्मचारी र सुरक्षा निकायलाई प्रसंशा-पत्रद्वारा सम्मान गर्नुभएको हो। मन्त्री अर्यालले गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्मा, नेपाली सेनाका बलाध्यक्ष रथि प्रदीपजङ्ग केसी, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की, काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला सुरक्षा समितिका पदाधिकारी, गृह मन्त्रालयका उच्च अधिकारीलाई प्रसंशापत्रद्वारा सम्मान गर्नुभयो । साथै जिल्ला सुरक्षा समितिका पदाधिकारीलगायत निर्वाचनमा खटिने सबै कर्मचारी, सुरक्षाकर्मीहरुलाई बधाईसहित सम्मान व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, "निर्वाचन ऐतिहासिक रुपमा सफलतापूर्वक सम्पन्न गरेर नयाँ मानक स्थापित गरेका छौं, यो पटकको निर्वाचनमा रक्तपात भएन । पुनः निर्वाचन गर्नुपरेन । सामूहिक नेतृत्व प्रणाली र सबै सरोकारवालाको बलियो समन्वयका कारण सकारात्मक परिणाम हासिल भएको छ। आगामी दिनमा सलाई कायम राख्न जरुरी छ।"

मन्त्री अर्यालले उत्साहवर्द्धक रुपमा निर्वाचन सफल बनाउन सक्रिय केन्द्रदेखि जिल्ला तहसम्मको सुरक्षा समितिहरु, निर्माण कमाण्ड फोर्स, सुरक्षा सेल र जिम्मेवार सरकारी अधिकारीहरुले खेलेको भूमिका ऐतिहासिक र राज्यका लागि उत्तरदायी भएको बताउनुभयो।

"निर्वाचनमा खटिएका अधिकारीहरुको सिर्जनशिलता र क्षमता प्रशंसनीय छ", मन्त्री अर्यालले भन्नुभयो, "विगतका कतिपय घट्नाहरु नेतृत्वले घट्नाबारे नबुझिकन निर्देशन दिए होलान। कसैका भनाइलाई स्क्रिनिङ नै नगरी, कुरा नबुझिकन निर्देशन भए होलान । तर यस पटक राम्रोसँग स्क्रिनिङ गरेर, निर्णय पुग्नुभन्दा अगाडि धेरै विचार गरेका छौं, समन्वय गरेका छौं। आइसकेका समन्वयात्मक निर्णयलाई हेरेर काम गरेका छौं, यसमा सबै तहका सुरक्षा निकायहरुको भूमिका उल्लेखनीय छ।"

रक्षा मन्त्रालयका सचिव शर्माले निर्वाचनका दौरानमा बलियो समन्वय र सहकार्यले सफलता हात परेको उल्लेख गर्नुभयो । गृह मन्त्रालयको सुरक्षा तथा समन्वय महाशाखाका प्रमुख एवं प्रवक्ता आनन्द काफ्लेले गृह मन्त्रालयको सुझबुझपूर्ण र समन्वयकारी नेतृत्वका कारण निर्वाचन सुरक्षा र शान्ति सुव्यवस्था कामय गर्नमा सकारात्मक परिणाम हासिल भएको उल्लेख गर्नुभयो ।रासस

# 'डढेलो नियन्त्रण सरकारी प्रयासले मात्र सम्भव छैन'

काठमाण्डु। नेपालमा डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने सरोकारवालाले बताएका छन्। डढेलो सचेतना सप्ताहका अवसरमा सोमबार आयोजित 'डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता' विषयक अन्तर्क्रियाका सहभागीले बर्सेनि डढेलोका कारण ठूलो मात्रामा वन विनास, जैविक विविधताको ह्रास, वातावरणीय सन्तुलनमा असर तथा जनधनको क्षति हुने गरेकामा चिन्ता व्यक्त गरेका थिए।

उनीहरूले डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले स्थानीय, वन उपभोक्ता समूह, सुरक्षाकर्मी तथा सरोकारवाला सबैको साझा जिम्मेवारी र सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिए।वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले डढेलो नियन्त्रणका लागि नीति, योजना र कार्यान्वयनबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो। उहाँले डढेलो नियन्त्रणलाई प्राथमिकतामा राखेर स्रोतसाधनको व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "वन डढेलो प्राकृतिक रूपमा जोखिम कम देखिए पनि मानवीय लापरवाही वा आकस्मिक घटनाबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न उत्तिकै चनाखो हुनुपर्छ।"

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले डढेलो नियन्त्रणमा समुदायको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले वन क्षेत्रमा हुने डढेलो प्रायः मानवीय लापरवाहीका कारण हुने गरेको उल्लेख गर्दै नागरिक सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीले डढेलो नियन्त्रणमा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाबारे जानकारी गराउँदै आवश्यक उपकरणको अभावले कार्यसम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको बताउनुभयो। उहाँले आधुनिक उपकरण, तालिम र स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिन आवश्यक रहेको धारणा राख्नुभयो ।रासस

# जल तथा मौसमको वैज्ञानिक अवलोकनले मात्रै सुरक्षित भविष्य सुनिश्चित गर्छः मन्त्री सिन्हा



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले वैज्ञानिक अध्ययन, तथ्याङ्क सङ्कलन र विश्लेषणले भविष्यमा विपद् न्यूनीकरण तथा सुरक्षित समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ।

विश्व जल तथा मौसम दिवसको सन्दर्भमा जल तथा मौसम विज्ञान विभागद्वारा आयोजित कार्यक्रममा उहाँले जल तथा ऊर्जा आयोगको सचिवालयको संयोजनमा सञ्चालन गरिएको सप्ताहव्यापी कार्यक्रमले जल तथा मौसमसम्बन्धी जनचेतना अभिवृद्धिमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। मन्त्री सिन्हाले नेपालको भौगोलिक विविधता–हिमाल, पहाड र तराईका कारण मौसम तथा जलवायु प्रणाली जटिल र संवेदनशील रहेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण विपद् जोखिम बढ्दै गएको बताउनुभयो।

उहाँका अनुसार असामान्य वर्षा, बाढी, पहिरो, तातो हावाको लहर, हिमनदी पग्लावट तथा हिमताल विस्फोटजस्ता घटनाले जनजीवन, पूर्वाधार र अर्थतन्त्रमा गम्भीर असर पारिरहेका छन्। "यस्तो अवस्थामा वैज्ञानिक जानकारी, समयमै पूर्वानुमान र प्रभावकारी पूर्वसूचना प्रणालीको भूमिका अत्यन्त महत्वपूर्ण हुने छ। कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, स्वास्थ्य, यातायात तथा उड्डयन क्षेत्र यी सेवामा निर्भर रहेको छ," उहाँले भन्नुभयो।

सरकार जल तथा मौसम सेवाको विस्तार, सुदृढीकरण र आधुनिकीकरणप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री सिन्हाले पूर्वानुमान प्रणालीलाई अझ विश्वसनीय र प्रभावकारी बनाउन आधुनिक प्रविधि प्रयोग, पूर्वाधार विस्तार तथा दक्ष जनशक्ति विकासमा जोड दिइएको जानकारी दिनुभयो।

उहाँले जोखिमयुक्त समुदायसम्म समयमै सूचना पुऱ्याउन पूर्वसूचना प्रणालीलाई थप सुदृढ बनाउने सरकारको प्राथमिकता रहेको पनि स्पष्ट पार्नुभयो। साथै अन्तर्राष्ट्रिय सहकार्य, प्रविधि हस्तान्तरण, अनुसन्धान र नवप्रवर्तनमार्फत सेवा गुणस्तर अभिवृद्धि गर्ने दिशामा सरकार अग्रसर रहेको उहाँको भनाइ थियो। रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विमा लेख मिति २०८२/११/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : स्व. झगरु यादव/ श्रीमती रचना यादव**
**विमालेख नं.: २०३००००३४३**
**ठेगानाः नगराइन न.पा.-१, धनुषा**
**मो.नं.९८२८५७२२६९**


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | आज जीवनले फेरि एउटा मौका दिने दिन जस्तो देखिन्छ। |
| **वृष :** | ठुलो परिवर्तन नदेखिए पनि भित्रभित्रै प्रगति भइरहेको हुनेछ। |
| **मिथुन :** | आज कुनै न कुनै रुपमा चर्चाको केन्द्र बन्न सक्नेछन्। |
| **कर्कट :** | आज भावनात्मक रुपमा केही भारी महसुस हुन सक्छ। |
| **सिंह :** | नेतृत्व गर्ने अवसर आउनेछ, तर साथ दिने मानिसहरु कम हुन सक्छन्। |
| **कन्या :** | दिनको सुरुवात अलि तनावपूर्ण देखिए पनि अन्त्य सकारात्मक रहनेछ। |
| **तुला :** | आज सम्बन्धमा विशेष मोड आउने दिन हो। |
| **वृश्चिक :** | गोप्य रुपमा गरेको प्रयास सफल हुने दिन हो। |
| **धनु :** | परिवर्तनको संकेत बलियो देखिएको छ। |
| **मकर :** | मेहनतको फल पाउने समय नजिकिएको छ। |
| **कुम्भः** | सिर्जनात्मक ऊर्जा उच्च रहनेछ। |
| **मीनः** | आज परिवार र भावनामा केन्द्रित दिन रहनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दुई दिनको वर्षाले किसानलाई राहत



महोत्तरी । सिङ्गो हिउँदमा पानी नपरेका कारण निराश बनेका महोत्तरीका किसानले बल्ल राहत महसुस गरेका छन् ।

गत शुक्रबार र शनिबार परेको पानीले जग्गामा पर्याप्त चिस्यान बनाएपछि खेतीपातीका काम अघि बढ्ने आशले किसानलाई राहत मिलेको हो । पछिल्लो वर्षाले यसअघि पानी बेगर पहेँलिँदै गएका बालीनालीलाई अमृतकै काम गरेको किसान बताउँछन् । "जग्गा रुखिएर खनजोत गर्न पाइएको थिएन, वैशाखी तरकारीका लहरा र बोट ओइल्याउँदै थिए", भङ्गाहा-४ का ६० वर्षीय किसान शुभनारायण ठाकुर भन्नुहुन्छ, "पछिल्लो वर्षाले निकै राहत दियो ।" वर्षा हुनअघि ओइल्याउँदै गएका वैशाखी तरकारीका लहरा एक दिनमै फेरिएर लहलहाउन लागेका ठाकुरको भनाइ छ । दुई दिनको वर्षापछि आइतबार मौसम उघ्रनासाथ खेतीपातीका काममा लाग्न किसानलाई सजिलो भएको छ ।

पछिल्लो वर्षाले खेतबारीमा लागेको बालीलाई पर्याप्त चिस्यान भएको र अब बर्खे धान र अन्य बाली लगाउन जग्गा खनजोत गर्न सकिने किसान बताउँछन् । "पानी नपाएर उखुका बोट सुक्दै थिए, पानी परेर निकै राहत मिल्यो", बर्दिबास-७ मनहरिपुरका ३० वर्षीय युवा किसान निरबहादुर खत्री भन्नुहुन्छ, "अब बर्खे धान, मकै, कोदो र जुनेलोसहितका बाली लगाउन खेतबारी खनजोत गर्न थालिन्छ ।" पछिल्लो वर्षाले आँप, लिची र रूखकटहरसहितका गर्मीयामका फललाई औधी राहत मिलेको किसानको भनाइ छ ।

"पानी नपर्दा आँप र लिचीका मज्जर (फुल, मञ्जरी) र चिचिलामा मधुवा (यी फलमा लाग्ने एक प्रकारको डढुवा रोग) लागेर सखाप पार्दै थियो, पानी परेपछि फलका बोटका हाँगाबिँगामा लागेको जालो र मधुवा पखालिएपछि केही राहत मिलेको छ", बर्दिबास-५ चेरुका ७० वर्षीय फलफूल किसान होतराज घिमिरे भन्नुहुन्छ, "अब भने मधुवाको उपचारले काम गर्ला ।" फलफूलका बोटका जरामा पर्याप्त चिस्यान भएपछि दाना पोटिलो हुनेसँगै रोगको आक्रमण पनि कम हुने किसानको विगत अनुभव छ ।

गत शुक्रबार साँझपख वर्षा हुनअघि चलेको हावाहुरीले बालीनालीमा सामान्य क्षति गरेको छ । खासगरी घोगा लाग्न सुत्ला चेपेका मकैका बोट लडाउनसँगै ठाउँठाउँमा वैशाखी तरकारीका लहरा हुरीले हुत्याएर चुँडाएको किसानले बताएका छन् । तर पानी पर्न थालेपछि हावाहुरी रोकिएको हुँदा धेरै क्षति नभएको किसानको भनाइ छ । शुक्रबार साँझ र शनिबार दिनभरि पानी पर्दा खेतबारीमा अब केही समयका लागि चिस्यान रहने किसानले आस सँगालेका छन् ।

यसपालि हिउँदमा पानी नपर्दा फागुन मध्यदेखि नै चर्कँदै गएको गर्मीको राप पछिल्लो वर्षाले निकै घटाएको छ । बालीनालीलाई अनुकूल हुनसँगै मौसम केही चिसिँदा कामकाजमा जुट्न पनि निकै सजिलो भएको यहाँका किसान बताउँछन् । अबका आउने केही महिना खेतीपातीका लागि व्यस्त समय रहने हुँदा बेलाबेलामा अनुकूल वर्षा भइरहोस् भन्ने किसानको मनमा छ । वर्षा मात्र पनि अनुकूल भइदिँदा उत्पादनमा निकै राम्रो प्रभाव रहने बर्दिबास-६ कृष्णपुरका पाका किसान ६५ वर्षीय रघु काफ्लेको भनाइ छ ।

जिल्लामा जम्मा ७१ हजार हेक्टर कृषियोग्य जग्गा भए पनि १० प्रतिशतमा मात्र कुलोनहरको पानी लाग्ने सिञ्चित जग्गा छ । अधिकांश जग्गा इनार, स्यालोट् युबवेल र बोरिङमा मोटर जडान गरेर किसानले बाली सिँचाइ गर्दै आएका छन् । लामो समयसम्म पानी नपर्दा यस्ता वैकल्पिक सिँचाइका स्रोतका मुहान चाँडै सुक्दा किसान समस्यामा पर्दै आएका छन् । यसरी वैकल्पिक सिँचाइका साधनसमेत जोडिँदा जिल्लामा करिब २० प्रतिशत जग्गा सिञ्चित रहेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । यसबाहेकका ८० प्रतिशत जग्गा आकासे पानीकै भरमा गर्नुपर्दा किसान बालीनाली लगाउन र बचाउन वर्षा पर्खनुपर्ने अवस्थामा छन् ।रासस

# कक्षा ८ को परीक्षा सुरू, नगर प्रमुख साहद्वारा निरीक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाअन्तर्गतआधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षा सोमबारदेखि सुरु भएको छ ।

नगर क्षेत्रभित्रका विभिन्न विद्यालयका हजारौँ विद्यार्थी सहभागी भएको यस परीक्षालाई मर्यादित, व्यवस्थित र निष्पक्ष रूपमा सञ्चालन गर्न विशेष पहल गरिएको छ ।

परीक्षाको पहिलो दिन नै परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन नगर प्रमुख तथा परीक्षा समिति अध्यक्ष मनोज कुमार साहको नेतृत्वमा अनुगमन टोली खटिएको छ ।

टोलीमा शिक्षा समितिका सदस्य दीपक कुमार ठाकुर, फूल कुमारी तथा प्याब्सन जनकपुरधामका अध्यक्ष रविन्द्र चौधरीलगायत सहभागी थिए ।उनीहरूले विभिन्न परीक्षा केन्द्र पुगेर परीक्षा सञ्चालनको अवस्थाबारे स्थलगत निरीक्षण गरेका हुन् ।

अनुगमनका क्रममा परीक्षा केन्द्रहरूमा शान्त, अनुशासित र व्यवस्थित वातावरण कायम राखिएको पाइएको



नगर प्रमुख साहले जानकारी दिए ।'विद्यार्थीको भविष्यसँग प्रत्यक्ष रूपमा जोडिएको परीक्षा भएकाले यसमा कुनै किसिमको लापरवाही स्वीकार्य हुँदैन,' उनले भने, 'निष्पक्षता, पारदर्शिता र अनुशासन कायम राख्दै परीक्षा सञ्चालन गर्नु हाम्रो प्रमुख दायित्व हो ।'

उनका अनुसार परीक्षा व्यवस्थापनमा शिक्षक, कर्मचारी तथा सुरक्षाकर्मीबीच समन्वय बढाइएको छ । परीक्षा केन्द्रहरूमा अनावश्यक भीडभाड नियन्त्रण, नक्कली गतिविधि रोकथाम तथा विद्यार्थीलाई सहज वातावरण उपलब्ध गराउन विशेष ध्यान दिइएको उनले बताए ।नगर प्रमुख साहले परीक्षा अंक प्राप्त गर्ने माध्यम मात्र नभई विद्यार्थीको शैक्षिक स्तर मापन गर्ने महत्वपूर्ण आधार भएको उल्लेख गर्दै सबै पक्षलाई जिम्मेवार बन्न आग्रह गरे ।

'विद्यार्थीहरूलाई मानसिक रूपमा दबाबमुक्त राख्दै उनीहरूको क्षमताअनुसार प्रदर्शन गर्न प्रोत्साहित गर्नुपर्छ,' उनले थपे ।यसैबीच, अनुगमन टोलीले केही केन्द्रहरूमा व्यवस्थापन अझ प्रभावकारी बनाउन आवश्यक सुझावसमेत दिएको छ । विशेष गरी समयपालन, परीक्षा सामग्रीको सुरक्षा तथा कक्षाकोठाको व्यवस्थापनमा थप ध्यान दिन निर्देशन दिइएको जनाइएको छ ।


शिक्षा क्षेत्रमा सुधार ल्याउने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिकाले पछिल्ला वर्षहरूमा परीक्षा प्रणालीलाई थप व्यवस्थित बनाउने प्रयास गर्दै आएको छ । यस वर्षको परीक्षा पनि सोही प्रयासको निरन्तरता भएको बताइएको छ ।उपमहानगरपालिकाले सम्पूर्ण विद्यार्थीलाई आत्मविश्वासका साथ परीक्षा दिन आग्रह गर्दै सफलताको शुभकामना व्यक्त गरेको छ । साथै, अभिभावक र शिक्षकलाई पनि सकारात्मक वातावरण निर्माणमा सहयोग गर्न अपिल गरिएको छ ।

# विघटनपछि निष्क्रिय विधेयक आगामी संसद्का लागि 'खुराक'

काठमाण्डु र अधिल्लो प्रतिनिधिसभाका विभिन्न समितिमा निकै रस्साकस्सीका बीच अघि बढाइएका सङ्घीय निजामती, नेपाल प्रहरी र विद्यालय शिक्षाजस्ता विधेयक संसद् विघटनसँगै निष्क्रिय भए ।

सङ्घीयता कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने कर्मचारी व्यवस्थापन, सुरक्षा र शिक्षासँग सम्बन्धित त्यस्ता महत्वपूर्ण विधेयकलाई यसपटक भने टुङ्गोमा पुऱ्याउन संसदीय गणितका हिसाबले सहज देखिएको छ ।

जेनजी आन्दोलनबाट उत्पन्न विषम परिस्थितिपछि गत भदौ २७ गते भएको संसद् विघटनपछि 'शून्य' अवस्थामा पुगेका ती विधेयकका विषयवस्तु आगामी संसद्का लागि महत्वपूर्ण 'खुराक' हुन सक्छन् ।



सामान्यतः संसद्बाट नयाँ कानुन निर्माणका लागि सामान्य बहुमत आवश्यक पर्नेमा गत फागुन २१ गते सम्पन्न निर्वाचनमार्फत राष्ट्रिय स्वतन्त्र पार्टी एक्लैले कुल १८२ सिट जित हासिल गरेको छ । यससँगै प्रत्येक संसदीय समितिमा समेत सो पार्टीको एकल निर्णय क्षमता रहने देखिन्छ । त्यसकारण आगामी सदनमा महत्वपूर्ण र दीर्घकालीन प्रभाव पार्ने त्यस्ता विधेयकको ' छिनोफानो' फटाफटरुपमा हुनेछ ।

राष्ट्रियसभाको विधायन समितिले गरेको एक अध्ययनअनुसार सङ्घीयता कार्यान्वयनका लागि ३२० भन्दा बढी कानुनको आवश्यकता छ । केही नेपाल ऐन संशोधन विधेयक पारित भएर कतिपय विषय सम्बोधन भइसकेका छन् । अधिल्ला सरकारहरुले त्यस्ता कानुन निर्माणका लागि पहिलो, दोस्रो र तेस्रो प्राथमिकता कायम गरी सङ्घीय संसद् सचिवालयलाई विवरण पठाएको थियो ।

सचिवालयका प्रवक्ता एकराम गिरिका अनुसार प्रतिनिधिसभा विघटनपछि सदनमा विचाराधीन रहेका ३१ वटा विधेयक निष्क्रिय भएका छन् । प्रतिनिधिसभा उत्पत्ति भएका र राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा विचाराधीन अवस्थामा रहेका विधेयक प्रतिनिधिसभा विघटनपछि स्वतः निष्क्रिय हुने कानुनी व्यवस्था छ ।"राष्ट्रियसभामा उत्पत्ति भई माथिल्लो सदनमै विचाराधीन रहेका पाँचवटा विधेयक अहिले कायमै छन्," प्रवक्ता गिरिले भन्नुभयो, "राष्ट्रियसभाले तीनवटा विधेयक आफ्नो सभाले आफ्नो काम कारबाही सकेर प्रतिनिधिसभालाई सन्देशसहित पठाएको अवस्था छ ।"

> "राष्ट्रियसभाले तीनवटा विधेयक आफ्नो सभाले आफ्नो काम कारबाही सकेर प्रतिनिधिसभालाई सन्देशसहित पठाएको अवस्था छ ।"

वैकल्पिक वित्त व्यवस्थापनसम्बन्धी विधेयक चुनावी सरकार संसद् सचिवालयमा दर्ता गराएको छ । राष्ट्रिय सभाको गएको अधिवेशनमा तीनवटा अध्यादेश सभामा प्रस्तुत भएका थिए । ती प्रतिनिधिसभाका लागि 'विजनेस'का रुपमा प्रवेश पाउनेछन् । संसद् विघटनसँगै निष्क्रिय भएका विधेयकलाई समयानुकूल तुल्याई नयाँ विधेयकका रुपमा अघि बढाउन सकिनेछ । "सरकारले कति विधेयकलाई 'रिफ्रेन्स'का रुपमा लिएर अर्को विधेयक दर्ता गर्न सक्छ", प्रवक्ता गिरीले भन्नुभयो, "त्यही विधेयक नै अघि बढाउने हो भने पनि नयाँ प्रक्रियामा जानुपर्छ ।"

कानुन निर्माणका लागि सरकारका तर्फबाट सदनमा पेस गर्ने प्रस्ताव नै विधेयक हो । उत्पत्ति, विषयवस्तु र प्रस्तुतिका आधारमा सरकारी र गैरसरकारी विधेयकका रुपमा विभाजन गरिन्छ । अर्थ र सुरक्षाबाहेकका विषयमा सांसदले पनि निजी तवरबाट विधेयक दर्ता गर्न पाउँछन् । जसलाई गैरसरकारी विधेयक भनिन्छ ।

नेपालको संसदीय इतिहासमा 'नेपाल स्वास्थ्य व्यावसायिक परिषद् विधेयक, २०५३', 'मानवअधिकार अयोग विधेयक, २०५३' र ' कानुनी सहयायतासम्बन्धी विधेयक, २०५४' गैरसरकारी विधेयकमा रुपमा दर्ता भई पारित भएका थिए ।विषयवस्तुका आधारमा अर्थ, साधारण, मूल, आश्रित वा पूरक, संशोधन, अध्यायदेश प्रतिस्थापन, संविधान संशोधन र उधारो खर्च विधेयक गरी विभाजन गरिएको छ ।

नेपालमा मुख्यतः कानुन निर्माणमा पूर्वविधायिकी र विधायिकी गरी दुई चरणमा विभिन्न प्रक्रिया अपनाइने राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिका पूर्वसभापति परशुराम मेघी गुरुङ बताउनुहुन्छ । पूर्वविधायिक चरणमा विधेयक सैद्धान्तिक सहमति, विधेयकको मस्यौदा, मन्त्रिपरिषद् र संसद्मा पेस हुन्छ भने विधायिकी चरणमा विधेयक प्रस्तुत गर्न अनुमतिका लागि सूचना दिने, अनुमति प्रस्तावको विरोध, सामान्य र दफावार छलफल, विषयगत समितिमा छलफल र समितिको प्रतिवेदनमाथि छलफल तथा पारितजस्ता प्रक्रिया अलवम्बन गर्ने गरिएको छ ।

त्यसैगरी, राष्ट्रियसभामा उत्पत्ति भएका विधेयक प्रतिनिधिसभामा र प्रतिनिधिसभामा उत्पत्ति भएका विधेयक राष्ट्रियसभामा पठाइने, दुबै सदनबाट पारित भएपछि प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइन्छ ।प्रतिनिसभाले पारित गरेर पठाइसकेपछि राष्ट्रियसभाबाट ६० दिनभित्र र आर्थिक विधेयकका हकमा भने १५ दिन संसदीय प्रक्रिया पूरा गरी सन्देशसहित फिर्ता गर्नुपर्ने संसदीय नियमावलीमा उल्लेख छ ।

संसद्बाट निर्माण गरिने कानुन गुणस्तरीय तुल्याउन आवश्यक समय दिई व्यापक बहस र छलफल गरी पारित गरिनुपर्छ भन्ने मान्यता राखिन्छ । तर कहिलेकाहीँ हतारमा कानुन निर्माण गर्नु परेमा सम्बन्धित सभाका 'नियम निलम्बन' गर्ने अभ्यास छ । "नयाँ संविधान जारी भएपछि मौलिक हकसम्बन्धी कानुन कार्यान्वयनको विषयका तीन वर्षभित्र बनाइसक्नुपर्छ भन्ने प्रावधान अवस्था थियो, अन्तिम समयमा आएर नियम निलम्बन गरेर केही कानुन पारित गरिएको थियो," प्रवक्ता गिरीले भन्नुभयो ।रासस

# नेपाली मूलका विदेशी नागरिकलाई विमानस्थलमा छुट्टै डेस्कको व्यवस्था

काठमाण्डु । विश्वभर छरिएर रहेका नेपाली मूलका नागरिक तथा गैरआवासीय नेपालीका लागि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा छुट्टै डेस्क सञ्चालनमा ल्याइएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले विमानस्थलको आगमन र प्रस्थान कक्षमा विशेष डेस्क स्थापना गरी सेवा दिन सुरु गरेको हो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेका अनुसार पहिला एनआरएनए र भिसा फ्रि




भएका मुलुक र व्यक्तिका लागि छुट्टै डेस्को व्यवस्था गरिएको थियो । अब नेपाली मूलका विदेशी नागरिकलाई पनि अध्यागमनमा छुट्टै डेस्कको व्यवस्था गरिएको छ । नेपाली भाषा, संस्कृति र मातृभूमिप्रतिको सम्बन्ध अझ सुदृढ बनाउने, साथै पर्यटन र लगानी प्रवर्द्धन गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो ।

अध्यागमन विभागको यही चैत ८ गतेको निर्णयअनुसार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको आगमन र प्रस्थानतर्फ नेपाली मूलका विदेशी नागरिकका लागि छुट्टै लाइन र अध्यागमन डेस्कको व्यवस्था गरिएको अध्यागमन कार्यालयद्धारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।विश्वमा रहेका नेपाली मूलका नेपालीहरुको संस्था एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) ले यसका लागि लामो समयदेखि सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो ।रासस

# नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'

काठमाण्डु । सङ्घीय संसद् सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ व्यवस्थापनको तयारीमा जुटिरहेको छ । सोही सन्दर्भमा सचिवालयले यही चैत ५ गते सूचनामार्फत निर्वाचित सांसदहरुलाई शपथ कार्यक्रममा सहभागी हुन आह्वान गरिसकेको छ ।

यही चैत १२ गते अपराह्न २ बजे शपथ समारोहको आयोजना गरिएको छ । निर्धारित समयभन्दा दुई घण्टाअगावै औपचारिक वा आफ्नो सांस्कृतिक पहिचानको पोसाकमा उपस्थितिका लागि सचिवालयको अनुरोध छ ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्य ७८ वर्षीय अर्जुननरसिंह केसीले यही चैत ११ गते राष्ट्रपति भवन शीतल निवासमा शपथ लिनुहुनेछ । त्यसपछि यही चैत १२ गते निर्वाचित प्रतिनिधिसभा सदस्यलाई ज्येष्ठ सदस्य केसीले शपथ दिलाउनुहुनेछ ।

नेपालको संविधानको धारा, ८८ मा 'सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने' व्यवस्था छ ।

संविधानको धारा, ९१ (५) मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ ।रासस

मधेश प्रदेश सरकार
**प्रदेश दुग्ध विकास बोर्ड**
**जनकपुरधाम, धनुषा, नेपाल**

**सूचना सच्याईएको बारे**

सूचना प्रकाशित मिति: २०८२।१२।०९

मिति २०८२।१२।०५ गतेमा दैनिक पत्रिका जनकपुर टुडेमा प्रकाशित प्रदेश दुग्ध विकास बोर्डको मधेश प्रदेशमा दुध विकास कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना र दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशित भएकोमा सो सूचनामा अन्तिम मिति २०८२।१२।२५ हुनु पर्नेमा २०८२।०२।२५ हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प.वि.अ.

**क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना**

**वीरगंज महानगरपालिका वडा नं. ०२, पर्सामा निर्माण तथा संचालन हुने वीरगंज न्युरो एण्ड जेनरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि.को प्रतिबेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८२/१२/१०**


मधेश प्रदेश पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ०२ को वीरगंज न्युरो एण्ड जेनरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएकोछ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | नामः वीरगंज न्युरो एण्ड जेनरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि.<br>ठेगानाः वीरगंज महानगरपालिका वडा नं. ११, पर्सा<br>मो.नंः- ९८५५०४४४४३<br>इमेलः nepshyam@gmail.com |
| प्रस्तावकको व्यहोरा | वीरगंज न्यूरो एण्ड जेनरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि बीरगंज महानगरपालिका वडा नं. ११. पसर्लो वीरगंज महानगरपालिका वार्ड नं. ०२ को हस्पिटलको नाममा दर्ता कायम रहेको किता नं. ६३, ५३, ४७, ५१, ५४, ४८, ६१, ६२, ६५, ६०, ६०, ६४, ५९, ६१, ७५, ६२, ४८, ५०, ५२, ४६, ५०,५१, ६९, १९, १८, ४४, ४०, ६९, ७०,५७,५८.१० र १२ र संचालकको नाममा दर्ता कायम रहेको किता नं. २२६२,२२६०,२२६५,२२९०,२२८६,२२८८,२२७९,२२८१,२२७८,२२८० र २२७७किता भएको जग्गा र सो मा निर्माण भएको तथा निर्माण हुने भवनमा ३०० शैयूया क्षमताको अस्पताल संचालनको लागी आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण प्रतिवेदन तयारी सम्बन्धी कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | वीरगंज महानगरपालिका |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्छ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः वीरगंज न्युरो एण्ड जेनरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि.<br>ठेगानाः वीरगंज महानगरपालिका वडा नं. ११, पर्सा<br>मो.नंः ९८५५०४४४४३<br>इमेलः nepshyam@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | सूनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.<br>ठेगानाः बिरगंज- १६, पर्सा, नेपाल<br>फोनः ९८५१००६६४३<br>ईमेलः shambhuprasadchaurasia@gmail.com |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेसमा एकताको पहल आवश्यक

जेन- जी आन्दोलन पूर्वसम्म देशको ठूलो दल नेपाली कांग्रेस चुनावपछि प्रतिनिधि सभामा ५० सिट पनि ल्याउन सकेन । त्यसको कारण धेरै होलान् । पार्टीको विशेष महाधिवेशन, प्रत्यक्ष निर्वाचनमा एउटा समूहलाई पाखा लगाउने, चुनावमा गुटगत आधारमा भोटिंग गर्ने लगायतका कार्यहरुले चुनाव परिणाम प्रभावित भएको छ। चुनावमा एउटा समूहले अर्को समूहलाई पराजित गर्न सम्पूर्ण ताकत लगाएको देखियो । दुबै समूह चुनावमा इमान्दार थिएन । कांग्रेसका सभापति गगन कुमार थापा, शेखर कोइराला, विमलेन्द्र निधिलगायतका नेताहरुले लज्जास्पद पराजय भोग्नु पर्यो । चुनावपछि कांग्रेस सभापति गगन कुमार थापाले राजीनामा गरे । त्यो राजीनामालाई कार्य समितिको बैठकले अस्वीकृत गरेको छ। थापा नै फेरि सभापतिको कार्यभार सम्हाल्ने छन् । केही जिल्लामा कारबाहीको सिफारिस भएको छ । केन्द्रीय समितिले चुनावको सतही समीक्षा गरेको देखिन्छ । यथार्थ कारण सबैलाई थाहा छ । कांग्रेस देशको सबैभन्दा पुराना लोकतान्त्रिक दल हो। वडा तह सम्म संगठन छ। तर कांग्रेसमा पार्टी प्रतिको प्रतिबद्धता छैन। कांग्रेसमा सबैभन्दा ठूलो अभाव इमान्दारीको छ । कांग्रेसलाई जनताले लोकतान्त्रिक दलको रुपमा बलियो बनाउन पटक पटक अवसर प्रदान गरेको हो । कांग्रेसको नेतृत्वमा कयौं ठूला राजनीतिक परिवर्तनहरु भएका छन् । कांग्रेसको नेतृत्वमा देशमा कयौं पटक सरकार बनेको हो। प्रधानमन्त्री नहुँदा पनि मन्त्रीहरु सरकारमा सहभागी रहने गरेका थिए। तर कांग्रेसले देशवासीलाई अपेक्षाकृत विकासको अनुभूति गराउन सकेन । जनशक्तिलाई विदेशिन बाध्य बनायो । युवाशक्ति देशबाट पलायन भए । नेपाली कांग्रेस प्रति चुनावमा व्यापक जनआक्रोश देखियो । तर मतदाताले त्यसलाई सार्वजनिक गरेनन्। उनीहरुले मतदानको माध्यमबाट नै कांग्रेसलाई धेरै तल झारिदियो । नेपाली कांग्रेसका नेताहरुले अझै चेत्न आवश्यक छ। कारबाही र कित्ताकाट कांग्रेस समस्याको समाधान होइन । कांग्रेसले पहिलो प्रयास अब एकताका लागि गर्नुपर्छ । पार्टीको मूलधारबाट पाखा लगाइएका नेताहरुलाई समेत समेटेर कांग्रेस संस्थापन पक्ष अगाडि बढ्नु पर्छ। केही महिना भित्र नै नियमित महाधिवेशन गरेर कांग्रेसले सबैलाई समेट्नु पर्छ। चुनावको मुखमा देखिएको कांग्रेस भित्रको कलहले ठूलो क्षति गरेको छ। त्यसको भर्पाइ गर्न पार्टीका सबै नेताहरु मिल्नु पर्छ। धेरै पछाडि परेको कांग्रेस पार्टीले आगामी दिनमा पार्टीको एकतालाई सुदृढ बनाउँदै तल्लो निकायसम्मको संगठनलाई क्रियाशील बनाउनु पर्छ । कांग्रेसको जनतासितको सम्बन्ध टुटिसकेको यथार्थलाई बुझ्न आवश्यक छ। जनतासित जोडिन कांग्रेसका शीर्ष नेताहरुले धेरै कमीकमजोरीहरु सच्याउनु पर्छ । इमान्दार र चरित्रवान रहेको विश्वासिलो छवि बनाउनु पर्छ। नेपाली कांग्रेस सुध्रिएर जनतामाझ गए मात्र विश्वास आर्जन गर्न सक्छ।

## विश्व पानी दिवस :

# 'जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ'



● डा गङ्गादत्त नेपाल

विश्व पानी दिवस संयुक्त राष्ट्रसङ्घले १९९० को दशकबाट मनाउन सुरु गरिएको हो । यस वर्ष सन् २०२६ को नारा 'जहाँ पानी बग्छः त्यहाँ समानता बढ्छ' भन्नेछ । संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा रहेको यो विषयवस्तुले 'जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ', जसको कारण महिला र बालिकाहरूले दुःख भोग्छन् भन्ने तथ्यलाई प्रष्ट्याएको छ । विश्वको करिब ७३%-७५% (सन् २०२२) जनसङ्ख्यामा (झण्डै ६ अर्ब मानिस)ले 'सुरक्षित रूपमा व्यवस्थित' खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो । यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ।

दिगो विकास लक्ष्य- सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन। उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ । सन् २०१५ देखि २०२४ बीच सुरक्षित रूपमा व्यवस्थित खानेपानीको पहुँच ६८% बाट बढेर ७४% पुगेको छ।

सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ। वार्षिक रूपमा सयौं अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीय रूपमा बढाउन आवश्यक छ। जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत पर्छ- खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट । जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ। तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्द्रता लिन्छ । परिणामस्वरुप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन् । सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन् । जलवायु परिवर्तनका कारण धेरै सुख्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०-३०% सम्म घट्ने अनुमान गरिएको छ । सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरू अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन् । झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन् । समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरू जोखिममा परिरहेका छन् । तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन् ।

हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरूः जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ। यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरू हराउन सक्छन् । पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७०% भन्दा बढी प्राकृतिक विपद् ओगटेका छन् । खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ।

नेपालमा ९०% भन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९% मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन् । उच्च ई-कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ।

### खानेपानी र लैङ्गिक समानता




विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षित रूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन् । विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन। ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ। जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ। नेपालमा करिब १० प्रतिशत जनसङ्ख्या खानेपानीबाट वन्चित छन् भने करिब २० प्रतिशत जनसङ्ख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ । विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी सङ्कलनमा खर्च गर्छन्। घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमाः विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ । जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन् । जब बालिकाहरू विद्यालयमा रहन्छन्, समानता बढ्छ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैङ्गिक समानता आपसमा गहिरो रूपमा जोडिएका विषय हुन्। विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्त्वपूर्ण भए पनि चुनौतीहरू अझै छन्। पानी सङ्कलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यतः महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुर्याउँछ। सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तैः पानीजन्य रोग) बढाउँछ । महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको विद्यालय उपस्थितिमा असर गर्छ । स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ । नेपालको संविधान र स्थानीय तहका नीतिहरूले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन् । तर व्यवहारमा नेतृत्व तहमा अझै पुरुषको वर्चस्व देखिन्छ। नीतिगत प्रयासहरूः नेपालले पानी र सरसफाइ क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छः ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ। खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन युमनलगायतले लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन्।

### खानेपानी र स्वास्थ्य समानता

असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौं हजारको मृत्यु हुन्छ। पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमान रूपमा प्रभावित गर्छन्। अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ। नेपालमा करिब ९०% भन्दा बढी जनसङ्ख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन । करिब ७५-८०% घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण-सहरी असमानता अझै छ। पानीजन्य रोग (जस्तै झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो । ग्रामीण क्षेत्रमा महिलाले दैनिक १-३ घण्टा पानी सङ्कलनमा खर्च गर्न सक्छन् । विद्यालयमा सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ। जस्तै, असमानताः दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैङ्गिक पक्षः पानी सङ्कलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो।

### खानेपानी र आर्थिक अवसर

विश्वव्यापी रूपमा कुल सुरक्षित पानीको करिब ७०% कृषि क्षेत्रमा प्रयोग हुन्छ। पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कुल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ। पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ। नेपालको करिब ६५% जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सिधै बढाउँछ। कुल खेतीयोग्य जमिनमध्ये करिब ५०% जति जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। सुरक्षित खानेपानी पहुँच करिब ९०% भन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन । पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक १-३ घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन्। यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो। सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ । जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ। नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन्। पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ। तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ।

### पानी, जलवायु र जोखिम

जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत देखिन्छः बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरू तीव्र रूपमा घटिरहेका छन् । सबैभन्दा गरिब समुदायहरू पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन् । नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धिः करिब ०.०५-०.०६ डिग्री सेन्टिग्रेड प्रति वर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८०% वार्षिक वर्षा मनसुन (जुन-सेप्टेम्बर) मा केन्द्रित- बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्; तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम)मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी/पहिरोबाट सयौंको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ । मुख्य जोखिमहरूः बाढी- तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो (बिलमकषिभ)- पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम- हिमनदी पग्लिँदै जाँदा जोखिम बढ्दो, खडेरी- वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने । प्रभावः कृषि उत्पादनमा अस्थिरता- खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन । दिगो विकास लक्ष्यहरू पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ । यस परिप्रेक्ष्यमा समुदाय-आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ। आजको विशेष दिनमा सबैमा 'विश्व पानी दिवस, २०२६'को हार्दिक शुभकामना !

(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तन विज्ञ तथा पूर्वउपाध्यक्ष, नीति तथा योजना आयोग, बागमती प्रदेश)रासस

# आक्रोश, आशा अनि बहुमत र विश्वास



● सुरेन्द्र नेपाल श्रेष्ठ

नेपालले आफ्नो इतिहासमा एउटा नयाँ अध्याय लेखिरहेको छ। गत वर्ष सेप्टेम्बर २०२५ मा जेनजेड युवाहरूले सुरु गरेको ठुलो आन्दोलनले देशलाई हल्लायो। सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचार, बेरोजगारी र राजनीतिक अस्थिरताको विरुद्धमा उर्लिएको यो विद्रोहमा दर्जनौं युवाको ज्यान गयो, सयौं घाइते भए र संसद् भवनदेखि राष्ट्रपति निवाससम्म आगो लाग्यो।

अन्ततः पटक पटक प्रधानमन्त्री बनेका केपी शर्मा ओलीको सरकार ढल्यो, संसद् विघटन भयो र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि मार्च ५, २०२६ मा निर्वाचन सम्पन्न भयो।

यो निर्वाचनको परिणामले नेपालको राजनीतिक परिदृश्य नै बदलिदियो। राष्ट्रिय स्वतन्त्र पार्टी का ३५ वर्षीय बालेन्द्र शाह (बालेन) को नेतृत्वमा पार्टीले स्पष्ट बहुमत हासिल गर्‍यो–१६५ प्रत्यक्ष निर्वाचित सिटमध्ये १२५ जित्दै इतिहास रच्यो। बालेन स्वयंले झापा-५ मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई करिब ५० हजार मतान्तरले पराजित गरे। नेपाली कांग्रेस र एमाले जस्ता पुराना दलहरूले आफ्नो इतिहासकै सबैभन्दा ठुलो पराजय भोगे। २६ दल मिलेर बनेको नेकपाको त झन्डै लेख जोखा समेत भएन। यो परिवर्तन केवल सत्ता फेरबदल होइन–यो जनताको क्रोध, आशा र नयाँ पुस्ताको विद्रोहको ठुलो विजय हो।

तर यो विजयले ठुलो जिम्मेवारी पनि बोकेको छ। अहिले बन्ने सरकार असफल हुनु भनेको देशले दशकौंसम्म दुःख भोग्नु हो। सरकार असफल हुँदा केवल सत्ता परिवर्तन मात्र हुँदैन। अर्थतन्त्र धराशायी हुन्छ, रोजगारी संकटमा पर्छ, सामाजिक विश्वास टुट्छ र राष्ट्रको भविष्य अन्धकारमय बन्छ। जनताले ठुलो आशा गरेर दिएको मत यदि निराशामा बदलियो भने राजनीतिक प्रणालीप्रतिको विश्वास नै समाप्त हुन सक्छ। जब जनताको मनमा "केही पनि बदलिँदैन" भन्ने गहिरो निराशा बस्छ, त्यहींबाट लोकतन्त्रको जरा सुक्न थाल्छ।

पार्टी सानो वा कमजोर भयो भने पुनर्निर्माण गर्न सकिन्छ, सङ्गठन मजबुत बनाउने अवसर सधैं रहन्छ, तर जनताले देखेको ठुलो राष्ट्रिय सपना टुट्यो भने त्यो एक दलको हार मात्र होइन राष्ट्रको सामूहिक आकाङ्क्षामाथिको घात हो। यति ठुलो सङ्ख्यामा मतदाताले विश्वास गरेर सुम्पिएको आशामा तुसारापात भयो भने त्यसको मूल्य वर्षौंसम्म तिर्नुपर्नेछ। व्यक्ति वा पार्टी कहिल्यै देशभन्दा ठुलो हुन सक्दैन। सत्ता, पद, व्यक्तिगत महत्त्वाकाङ्क्षा वा दलगत स्वार्थभन्दा माथि राष्ट्रको हित र जनताको भविष्य हुनुपर्छ। इतिहासले बारम्बार सिकाएको छ देशलाई व्यक्तिमा सीमित गर्ने प्रयासले अन्ततः राष्ट्रले नै ठुलो मूल्य चुकाउनुपरेको छ। सत्तामा पुग्नु लक्ष्य होइन, सत्तामा पुगेर सुशासन कायम गर्नु, नीति कार्यान्वयन गर्नु र जनजीवन उकास्नु नै सच्चा नेतृत्वको प्रमाण हो।

आज नेपालका नागरिकहरू परिवर्तनको तीव्र अपेक्षामा छन्। युवाहरूले स्वदेशमै रोजगारी, स्टार्टअप अवसर, सीप विकास र बस्ने वातावरण खोजेका छन्। किसानहरूले आफ्नो मेहनतको उचित मूल्य, सिँचाइ, बीउ-मल र बजार सुनिश्चितता चाहन्छन्।

श्रमिकहरूले न्यूनतम ज्याला, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको आशा राखेका छन्। महिला, दलित, जनजाति, मधेसी र पिछडिएका समुदायहरूले समानता, समावेशिता र न्यायको अपेक्षा गरेका छन्। पर्यटन, जलविद्युत्, सूचना प्रविधि र कृषिमा आधारित आर्थिक वृद्धिको सपना देखेका छन्। यदि नयाँ सरकार यी अपेक्षालाई सम्बोधन गर्न असफल भयो भने यो केवल राजनीतिक असफलता होइन सामाजिक, आर्थिक र नैतिक असफलता पनि हुनेछ।गैरआवासीय नेपालीहरूले पनि यो परिवर्तनको यात्रामा विशेष भूमिका खेलेका छन्। संसारका विभिन्न देशहरूमा बसेर उनीहरूले नेपालको अर्थतन्त्र, समाज र अन्तर्राष्ट्रिय छविलाई बलियो बनाउन निरन्तर योगदान दिँदै आएका छन्। रेमिट्यान्सका माध्यमबाट मात्र होइन, ज्ञान, सीप, लगानी र अन्तर्राष्ट्रिय अनुभवमार्फत पनि उनीहरूले देशको विकासमा महत्त्वपूर्ण साथ दिएका छन्।

नेपालको अर्थतन्त्रको ठुलो हिस्सा आज पनि वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्समा निर्भर छ, जसमा अधिकांश योगदान विदेशमा रहेका नेपालीहरूको छ। उनीहरूको परिश्रमले लाखौं परिवारको जीवन धानिएको छ र राष्ट्रिय अर्थतन्त्रलाई पनि ठुलो टेवा पुगेको छ। यस्तो अवस्थामा देशसँग भावनात्मक सम्बन्ध कायम राख्न चाहने गैरआवासीय नेपालीहरूको अपेक्षा र अधिकारलाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक छ।

विशेष गरी नागरिकताको निरन्तरता सम्बन्धी उनीहरूको मागलाई राज्यले सकारात्मक रूपमा समाधान गरिदिनु पर्दछ। जन्मभूमिसँगको सम्बन्ध केवल भावना मात्र होइन, त्यो पहिचान, जिम्मेवारी र भविष्यसँग पनि जोडिएको विषय हो। विदेशमा जन्मेका वा हुर्केका नेपाली मूलका सन्तानहरूले पनि आफ्नो पुर्खाको देशसँग सम्बन्ध कायम राख्न पाउनुपर्छ।यदि राज्यले गैरआवासीय नेपालीहरूलाई विश्वास र सम्मानका साथ जोड्न सक्यो भने उनीहरूको लगानी, ज्ञान र अनुभव देशको विकासका लागि ठुलो शक्ति बन्न सक्छ। त्यसैले देशभित्र भइरहेको राजनीतिक र नीतिगत परिवर्तनको प्रक्रियामा उनीहरूको योगदानलाई स्वीकार गर्दै, नागरिकताको निरन्तरता सम्बन्धी मागलाई न्यायपूर्ण र दूरदर्शी ढङ्गले समाधान गर्नु आजको आवश्यकता हो।

नागरिकताको निरन्तरता सुनिश्चित गरियो भने त्यसलाई दोहोरो नागरिकता स्वीकार गरेको ठानिने र त्यसपछि भारत, चीन लगायतका देशका मानिसहरू निर्बाध रूपमा नेपालमा प्रवेश गर्नेछन् भन्ने हाउगुजी फैलाइएको छ। तर यस्तो तर्क वास्तविकता र कानुनी व्यवस्थासँग मेल खाने देखिँदैन। नयाँ सरकार यस विषयमा निश्चिन्त हुन आवश्यक छ।नागरिकताको निरन्तरता भन्नाले मूलतः नेपाली मूलका, नेपाली नागरिकतासँग ऐतिहासिक र पारिवारिक सम्बन्ध भएका व्यक्तिहरूलाई आफ्नो पहिचान कायम राख्ने अवसर दिनु हो। यो व्यवस्था विश्वका धेरै देशहरूमा फरक-फरक स्वरूपमा प्रचलित छ।

यसले स्वतः सबै विदेशी नागरिकलाई नागरिकता दिने ढोका खोल्दैन, न त सिमाना खुला बनाउँछ। नागरिकताको निरन्तरता स्पष्ट मापदण्ड, कानुनी प्रक्रिया र पहिचानको आधारमा मात्र प्रदान गरिन्छ।भारत, चीन वा अन्य कुनै देशका नागरिकहरू स्वतः नेपाली नागरिक बन्ने सम्भावना देखाएर डर फैलाउनु वास्तविक समस्याको समाधान होइन। नेपालको नागरिकता सम्बन्धी कानुन, अध्यागमन व्यवस्था र राज्यको सार्वभौम अधिकार यथावत् रहन्छन्। ती कानुनी संरचनाहरूले नै कसलाई नागरिकता दिन मिल्छ र कसलाई मिल्दैन भन्ने स्पष्ट सीमा तोक्छन्।

वास्तवमा, नागरिकताको निरन्तरता भनेको विदेशमा बसिरहेका नेपाली मूलका मानिसहरूलाई आफ्नो मातृभूमिसँगको सम्बन्ध जीवित राख्ने पुल हो। उनीहरूले विदेशमा सिकेको ज्ञान, सीप, लगानी र अनुभवलाई नेपालसँग जोड्न सक्ने वातावरण सिर्जना गर्नु नै यसको मुख्य उद्देश्य हो।त्यसैले नागरिकताको निरन्तरतालाई डर र भ्रमको विषय बनाउने भन्दा पनि यसलाई देशको दीर्घकालीन हित, आर्थिक सम्भावना र विश्वभर फैलिएका नेपाली समुदायसँगको सम्बन्ध मजबुत बनाउने दृष्टिले हेर्न आवश्यक छ। नयाँ सरकारले यस विषयमा आत्मविश्वासका साथ, स्पष्ट कानुनी मापदण्ड बनाएर अगाडि बढ्न सके देश र प्रवासी नेपाली दुवैका लागि लाभदायक मार्ग खुल्नेछ।

यो समयले हामी सबैलाई नेता, कार्यकर्ता, नागरिक समाज, युवा र बुद्धिजीवीहरूलाई अझ बढी जिम्मेवार बनाउन आह्वान गरिरहेको छ। देशलाई गम्भीर सुधारको बाटोमा लैजान आवश्यक छ। भ्रष्टाचारमुक्त शासनका लागि पारदर्शी खरिद प्रक्रिया, स्वतन्त्र अख्तियार र डिजिटल प्रशासन स्थापना गर्नुपर्छ। युवा रोजगारी र शिक्षाका लागि सीप-केन्द्रित पाठ्यक्रम, स्टार्टअप फन्ड र विदेशबाट फर्कने युवालाई प्रोत्साहन दिनुपर्छ। कृषि क्रान्तिका लागि आधुनिक खेती, मूल्य निर्धारण र निर्यात प्रवर्द्धन आवश्यक छ। अर्थतन्त्रको पुनरुत्थानका लागि जलविद्युत्, पर्यटन र आईटी क्षेत्रमा ठुलो लगानी, पूर्वाधार विकास गर्नुपर्छ। सामाजिक न्यायका लागि समावेशी नीति, महिला तथा अल्पसंख्यकको सशक्तीकरण र संस्थागत सुधार स्वतन्त्र न्यायपालिका, प्रहरी र प्रशासनको राजनीतिकरण अन्त्यगर्नुपर्छ।

# लामछिनेको रिट “हेर्दाहेर्दै” मा मङ्गलबार सुनुवाइ हुने



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिट निवेदनमा मङ्गलबार सुनुवाइ हुने भएको छ ।

सर्वोच्च अदालतमा सोमबार सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा मङ्गलबार सुनुवाइ हुने भएको हो । न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा सोमबार सुनुवाइ नकिएपछि हेर्दाहेर्दैमा मङ्गलबारका लागि राखिएको अदालतका प्रवक्ता अजुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो। साथै, सोमबारका लागि पेसी तय भएको थियो ।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो ।महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो ।रासस


# नयाँ मन्त्रीहरूको पर्खाइमा सिंहदरबार

काठमाण्डु । प्रायः मन्त्रालयका गेटदेखि भित्रैसम्म ‘इनडोर प्लान्ट’ का गमला सजाएर हरियाली पारिएको छ । मन्त्रालयका परिसरहरू पनि फूल रोपेर चिटिक्क देखिन्छन् । कतिपय कर्मचारीहरू मन्त्रीका कार्यकक्ष सजाउन खटिएका छन् । नयाँ मन्त्रीको स्वागतमा सजिएका छन्, मन्त्रालयहरू ।

यसै त वसन्त ऋतुमा सिंहदरबारका बगैंचामा फूलहरू ढकमक्क छन् । त्यसैमा अहिलेको सजावटले ‘सुनमा सुगन्ध’ थपिदिए जस्तै भएको छ । यसो हेर्दा लाग्छ, सिंहदरबारमा फुलेका फुलहरू पनि नयाँ सरकारको स्वागतार्थ लामबद्ध छन् । निर्वाचनको अन्तिम परिणाम आइसकेको छ र सांसदहरूको शपथ चैत १२ गतेका लागि तोकिएको छ ।

त्यसलगत्तै सरकार गठन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गृहकार्यमै छ । त्यसैले केही दिनमै बन्ने सरकारको स्वागतका लागि सिंहदबारभित्र तयारी भइरहेको हो ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगलागीमा परेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मुहार पनि यसै मेसोमा फेरिँदै छ, सिँगारिँदै छ । मन्त्रालयका सूचना अधिकारी मधुप्रसाद घिमिरेका अनुसार जेनजी आन्दोलनका बेला टेलिफोनका जलेका



टेलिफोनका तारहरू व्यवस्थित हुँदैछन् । उहाँले भन्नुभयो, “मन्त्रालय चिरिच्याट्ट बन्दै छ । नयाँ मन्त्रीको स्वागतमा तयार हुँदै छ ।”

युवा खेलकुद मन्त्रालयमा पनि नयाँ मन्त्रीको स्वागतका तयार गरिँदै छ । यसैगरी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पनि नयाँमन्त्रीसँगै नीतिगत कार्य सम्पादनको पर्खाइमा छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता उदयबहादुर रानामगरले कार्यकारी अर्थात मन्त्री नहुँदा नियमित सामान्य कामसमेत प्रभावित भइरहेको अवस्थामा नयाँ मन्त्रीको स्वागत गर्न मन्त्रालयका कर्मचारी उत्साहित रहेको बताउनुभयो ।

उहाँले विगतमा जस्तै भौतिक संरचनाको हिसाबले मन्त्रीकक्ष पूर्ण व्यवस्थित नै रहेको सुनाउनुभयो । “मन्त्री हुँदा पब्लिक चहलपहल हुने गर्यो । अहिले सुनसान जस्तै छ,” उहाँले भन्नुभयो, “मन्त्रीको प्रतीक्षामा कार्यालयदेखि कर्मचारी रहेका छौँ ।” त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि जलेको अघिल्लो भाग पेन्टिङ गरेर चिरिच्याट्ट पारिएको छ । मन्त्रालयका एक कर्मचारीले भन्नुभयो, “अब नयाँ सरकार आएसँगै चहलपहल बढ्ला, अहिले त सुनसानै छ ।”

मन्त्रालयका सूचना अधिकारी राजु महर्जनले नयाँ मन्त्रीको आगमनसँगै मन्त्रालयमा सेवाग्राहीले चाप बढ्ने हुनाले आवश्यक सबै तयारी सकिएको बताउनुभयो । जेनजी आन्दोलनका क्रममा मन्त्रालयको क्षतिग्रस्त भवनको पुनः निर्माण सम्पन्न भइसेको छ । नियमित प्रशासनिक कामबाहेक नीतिगत मन्त्रिस्तर निर्णयका लागि मन्त्रालय प्रतिक्षारत रहेको उहाँको भनाइ छ ।जेनजी आन्दोलनले पूर्ण रूपमा क्षति भएको मन्त्रालयमध्ये, बेला रामशाह पथमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय थियो । भवनको क्षति भएसँगै कार्यालय व्यवस्थित बनाउने सङ्घर्षमै रहेको छ ।

मन्त्रालयको आधा कार्य कार्यालय अहिले सिंहदबारस्थित अस्थायी टहरामा सीमित छ । यद्यपि आगामी सरकार गठनले ल्याउने स्वास्थ्यमन्त्रीको स्वागत गर्न मन्त्रालय प्रशासन चुस्त छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार भवन जलेपछि स्वास्थ्य मन्त्रालयको आफ्नो स्थायी संरचना छैन । उहाँका अनुसार हालका स्वास्थ्यमन्त्री डा सुधा गौतमले आइतबारदेखि अत्यावश्यक कामबाहेक मन्त्रालयमा नियमित उपस्थित नहुने गरी धन्यवाद दिएर जानुभएको छ । आगामी बजेटको तयारीमा लागेको मन्त्रालयले बेलैमा नयाँ मन्त्रीको स्वागत गर्न पाए प्रभावकारी हुने आशा रहेको मन्त्रालयका प्रवक्ता बुढाथोकीको धारणा छ ।

“टहरामा मन्त्रालय चलाउनु परेको अवस्था छ,” उहाँले भन्नुभयो, “हाम्रो यति मात्र आशा छ कि बजेटको तयारी गर्दै गर्दा स्वास्थ्यमन्त्री छिटो नियुक्ति भएको खण्डमा पछि पनि सजिलो हुन्थ्यो ।” सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले नयाँ मन्त्रीको स्वागतका लागि खास तयारी आवश्यक नभएको बताउनुभयो ।

उहाँले भवन संरचना पूर्ण तयार रहेकाले पनि तयारी आवश्यक नभएको बताउनुभयो । नियमित प्राशासनिक काम सञ्चालन भइरहेको र नीतिगत कामहरू सम्पादन गर्न मन्त्रीको पर्खाइमा रहेको उहाँले सुनाउनुभयो ।रासस

# चैत १५ भित्र सबै मन्त्रालयले योजना तथा कार्यक्रम पठाइसक्नुपर्ने

काठमाण्डु । सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा राखिसक्नुपर्नेछ ।अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिनुभयो । यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको उहाँको भनाइ छ ।

“बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो । नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा राखिएका विषयहरू बजेटमा कसरी सम्बोधन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ”, उहाँले भन्नुभयो । आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति




विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिनुभयो ।

आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ । अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ । आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ । राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था बनाइएको छ । बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक-पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो । यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ ।

यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो । चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ देखि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरोकार भएकाहरूबाट सुझाव सङ्कलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ । यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ ।

यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ । यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ । अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ । चैत अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ ।

वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ । यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ । साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव सङ्कलन गरिनेछ ।वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सर्वेक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ । यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइसक्नुपर्नेछ ।

जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ । सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ । जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ । यस्तै, जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौदा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ। यसपछि अर्थमन्त्रीले राष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गर्नेछन् । जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ ।रासस

# उपराष्ट्रपति यादवसँग बङ्गलादेशका राजदूत रहमानको शिष्टाचार भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि बङ्गलादेशका राजदूत मो. शफिकुर रहमानले शिष्टाचार भेट गर्नुभएको छ । लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा सोमबार भएको भेटमा उहाँहरुबीच शुभकामना आदान-प्रदानसँगै द्विपक्षीय सम्बन्धका बहुआयामिक पक्षहरूबारे छलफल भएको उहाँको सचिवालयले जनाएको छ ।



उपराष्ट्रपति यादवले सन् १९७२ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल-बङ्गलादेशबीच मित्रवत् एवं सौहार्दपूर्ण सम्बन्ध रहिआएको उल्लेख गर्दै हाम्रो सम्बन्ध सार्वभौमिक समानता, आपसी सम्मान तथा विश्वासमा आधारित रहेको बताउनुभयो । उहाँले बङ्गलादेशसँगको सम्बन्धलाई नेपालले उच्च महत्त्व दिँदै आएको बताउनुभयो ।

भेटका क्रममा राजदूत रहमानले नेपाल-बङ्गलादेश सम्बन्ध आपसी विश्वासमा आधारित रहेको र जनता-जनताबीचको सम्बन्धमा निहित रहेको उल्लेख गर्नुभयो ।

उपराष्ट्रपति यादवले बङ्गलादेशमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएकामा बधाई दिँदै नयाँ सरकारलाई शुभकामना दिनुभयो । नेपालमा पनि प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भई नयाँ सरकार गठनको प्रक्रियामा रहेको उल्लेख गर्दै उहाँले दुवै देशका सरकारबीच सहकार्य सुदृढ हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

भेटका क्रममा राजदूत रहमानले नेपाल-बङ्गलादेश सम्बन्ध आपसी विश्वासमा आधारित रहेको र जनता-जनताबीचको सम्बन्धमा निहित रहेको उल्लेख गर्नुभयो । उहाँले वाणिज्य, शिक्षा तथा ऊर्जा क्षेत्रमा सहकार्यलाई प्राथमिकता दिन सकिने बताउँदै हाल नेपालबाट ४० मेगावाट विद्युत् प्राप्त भइरहेकोमा यसलाई ६० मेगावाट पुर्‍याउन अनुरोध गर्नुभयो ।रासस

## गण्डकी प्रदेशसभा: सडक ऐन संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल

गण्डकी । गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा गण्डकी प्रदेश सडक ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ ।

प्रदेशसभामा आइतबार पेश भएको उक्त सडक ऐनलाई संशोधन गर्न बनेको विधेयकको आवश्यकता र औचित्यबारे प्रदेशसभा सदस्यहरुले धारणा राख्नुभयो । प्रदेशसभा सदस्य अशोकुमार श्रेष्ठले जनताको माग र आवश्यकतालाई दृष्टिगत गरी प्रदेश लोकमार्ग र प्रादेशिक सडकमा तोकिएको सडक सीमासम्बन्धी व्यवस्था संशोधन गर्न सरकारले संशोधन विधेयक ल्याएको बताउनुभयो । प्रदेशसभा सदस्य सुधिरकुमार पौडेलले कानुन कार्यान्वयन गर्दा देखिएका जटिलता फुकाउन ऐन संशोधन गर्नुपरेको बताउनुभयो । प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले कुनैपनि कानुन आवश्यकता र औचित्यका आधारमा संशोधन गर्नुपर्ने बताउनुभयो । अर्का प्रदेशसभा सदस्य बिन्दु पौडेलले प्रदेशको सिङ्गो यातायात प्रणालीलाई सहज बनाउने सडक ऐन संशोधन गर्नुपर्ने धारणा राख्नुभयो ।

छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायाता व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले नागरिकको सम्पत्तिको हक र आवास सुरक्षाका लागि सडक सीमा र सडक संरचनासम्बन्धी ऐनमा रहेका छन । रासस


**श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरी**

**खरिद सम्बन्धि विद्युतिय सिलबन्दी दरभाउपत्र (e–GP) आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/ १० गते)

१. आ.व.२०८२/०८३ मा यस महाविद्यालयको लागी आवश्यक मेशिनरी औजार ठेक्का गर्न ईच्छुक फर्म/ संस्था वा कम्पनीहरुको लागी यसै सूचनाद्वारा सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि. नं. | सूचना नम्बर | कामको विवरण | पेश गर्नुपर्नेसिलबन्दी दरभाउ पत्र जमानत अंक (ने.रु.) | सिलबन्दी दरभाउ दस्तुर (ने.रु.) | सिलबन्दी दरभाउ पत्र मान्य हुने अवधी | दरभाउ पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | NAWF/SAMV/GOODS /BDS/2082/83/71 | मेशिनरी औजार खरिद | ३६०००.०० | १०००.०० | ७५ दिन | २०८२।१२।२५ गते १२:०० बजे सम्म | २०८२।१२।२५ गते १३:०० बजे सम्म |

२. खरिद सम्बन्धि थप जानकारीको लागी श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरीको फोन नं.०४४-५९०१०४,९८५४०२१७९३ इमेलः-armyschool–bardibas@nepalarmy.mil.np र website: sambm.edu.np मा सम्पर्क गर्न हुन ।

३. e–GP Bidder हरुले e–GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।



**KARAIYAMAI RURAL MUNICIPALITY**

**Office Of The Rural Muncipal Executive**

**Karaiya, Bara**

**Invitation for Bids No: 08**

**Date ofpublication: 2082/12/10**

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites electronic National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9865017375 or may visit PPMO Websitewww.bolpatra.gov.np

| Contract Identification No. | Description | Estimated Amount Without VAT & PS | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submmission |
|---|---|---|---|---|---|
| KRM/NCB/W/08/2082-083 | Construction of Karaiyamai Office Building | 6198873.86 | 180000 | 3000 | 2083/01/10 |

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

**Chief Administrative Officer**

# अमेरिकाविरुद्ध इरानको तयारी तीव्र, हर्मुज बन्द गर्ने चेतावनी

एपी

तेहरान । मध्यपूर्वमा जारी युद्धको चौथो हप्तामा, अमेरिकाले इरानविरुद्धको चेतावनी जारी गरेपछि इरानले हर्मुज स्ट्रेट 'पूर्ण रूपमा बन्द' गर्ने चेतावनी दिएको छ । स्ट्रेट तेल र अन्य निर्यातका लागि अत्यन्त महत्वपूर्ण छ ।इरानले यदि अमेरिका इरानका पावर प्लान्टहरूमा आक्रमण गर्छ भने तत्काल प्रतिक्रिया स्वरूप हर्मुज स्ट्रेट बन्द गरिने जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिवार साँझ स्ट्रेट खोल्न ४८ घण्टे समयसीमा तोकेका रहेको छ ।

## हर्मुज स्ट्रेट र ऊर्जा संरचना जोखिममा

इरानले हर्मुज स्ट्रेटमा प्रभावकारी रूपमा जहाज आवागमन रोकिरहेको छ, तर शत्रु देशहरू बाहेकका जहाजहरूलाई सुरक्षित आवागमनको अनुमति दिएको छ । यो स्ट्रेट विश्व तेल आपूर्तिको लगभग एक-पाँचौं हिस्साका लागि अत्यन्त महत्त्वपूर्ण छ ।इरानी संसदका अध्यक्ष मोहम्मद बाघेर कलीबाफले यदि इरानका पावर प्लान्ट र संरचना निशाना बनाइए, यसले



थिए ।

## इजरायलमा आक्रमण र घाइतेहरू

इजरायली नेताहरूले दक्षिणी इलाकाका दुई समुदायको भ्रमण गरे जहाँ इरानी मिसाइल आक्रमणबाट धेरै मानिस घाइते भएका थिए ।

प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले कुनै मृत्यु नहुँदा यसलाई 'अद्भुत' बताउनुभएको छ ।नेतन्याहूले इजरायल र अमेरिकाले युद्ध लक्ष्य हासिल गर्न प्रगति गर्दै आएको दाबी गर्नुभयो । यसमा इरानको नाभिकीय कार्यक्रम, मिसाइल कार्यक्रम र हथियारयुक्त समूहहरूको समर्थन कमजोर पार्ने साथै इरानी जनतालाई धर्मनिरपेक्ष शासनतर्फ उन्मुख गर्ने उद्देश्य सम्पूर्ण क्षेत्रका ऊर्जा र पेयजल (डिजेलिनेसन) सुविधा प्रभावित हुने चेतावनी दिनुभएको छ ।

## इजरायल र इरानी हवाई आक्रमण

इरानले आफ्नो मुख्य नाभिकीय समृद्धि केन्द्र नातान्जमाथि गरिएको आक्रमणको प्रतिकार स्वरूप नेगेभ मरुभूमिमा मिसाइल प्रहार गरेको छ ।दक्षिण इजरायलको मुख्य अस्पतालले अराद र डिमोना शहरबाट कम्तीमा १७५ घाइते प्राप्त गरेको जनाएको छ ।इजरायलको सुरक्षा बलले हिजोदेखि लेबननमा लक्ष्य सूचीमा पुलहरू समेत समावेश गरेका छन्, जसले शत्रु समूह हिजबुल्लाहको सेनालाई दक्षिणमा सर्न कठिन बनाउनेछ ।

# नक्कली कपालमा स्तन क्यान्सरसँग जोडिएका रासायनिक पदार्थ भेटिएको वैज्ञानिकहरूको दाबी

बीबीसी

काठमाण्डु । विश्वका दशौँ लाख महिलाले लगाउने नक्कली कपाल (हेअर एक्स्टेन्शन)मा स्तन क्यान्सर गराउन सक्ने, होर्मोनसम्बन्धी समस्या ल्याउन सक्ने वा प्रजनन समस्या पनि निम्तिन सक्ने एउटा 'ठूलो आकारको' अध्ययनले देखाएको छ।

विभिन्न प्रकारका त्यस्ता कपालमा झन्डै ५० किसिमका हानिकारक रसायन पाइएका वैज्ञानिकहरूले बताएका छन्।'द अमेरिकन केमिकल सोसाइटी जर्नल'मा छापिएको उक्त अध्ययनले अर्बौंको नक्कली कपाल उद्योग नियमन गर्न कडा नियम आवश्यक रहेको र उपभोक्ताले थाहा पाउनुपर्ने धेरै कुरा रहेको जनाएको छ। अध्ययनकी मुख्य लेखक एलिसिआ फ्र्याङ्क्लिन भन्छिन्, "नक्कली कपाल एकपटक लगाएपछि केही हप्ता वा त्योभन्दा लामो समयसम्म लगाइने र लगाइएका बेला छालासँगै जोडिएर रहने हुँदा दीर्घकालीन स्वास्थ्य खतरा हुन सक्छ।"



फ्र्याङ्क्लिन भन्छिन्, "कपाल तपाईँको टाउकोको छालामाथि बस्छ अनि यसलाई हप्तौँ वा महिनौँसम्म लगाइन्छ। यसलाई लामो समय लगाउने हो भने त्यसले दीर्घकालीन स्वास्थ्य समस्या ल्याउन सक्छ।" सन् २०२८ सम्ममा विश्वव्यापी नक्कली कपाल बजारको मूल्य १४ अर्ब डलरभन्दा बढीको हुने अनुमान गरिएको छ।कैयौँ महिलाहरूले सुन्दर देखिन वा 'फ्याशन' गर्न नक्कली कपाल लगाउँछन्। तीमध्ये ठूलो सङ्ख्यामा अश्वेत महिलाहरू पनि छन्, उनीहरू कपाल व्यवस्थापन गर्न सजिलो उपायको रूपमा नक्कली कपाल लगाउँछन्।नक्कली कपाल सस्तोदेखि महँगो मूल्यसम्म पाइन्छ। यो बीस डलरदेखि हजारौँ डलरसम्म पनि पर्ने गर्छ। वैज्ञानिकहरूले परीक्षण गरेका ४३ नमुनामा १७० किसिमका रसायन पाइएका थिए। तीमध्ये ४८ रसायन चाहिँ अन्तर्राष्ट्रिय जोखिम सूचीमा रहेका तथा राष्ट्रसङ्घ एवं युरोपिअन केमिकल्स एजेन्सीले खतरा सूचीमा राखेका पनि छन्। फ्र्याङ्क्लिन भन्छिन्, "त्यसमा आगो निभाउनेदेखि कीट नियन्त्रकसम्म तथा प्रजनन शक्तिमा असर पार्ने तथा इन्डोक्राइन प्रणालीलाई असर पार्ने थ्यालेट नामक यौगिकहरू हुन्छन्।"स्तन क्यान्सरसँग जोडेर हेरिने १७ थरी रसायनहरू ३६ वटा नक्कली कपालका नमुना (कृत्रिम र प्राकृतिक दुवै)मा पाइएका थिए। साथै १० प्रतिशत जति नमुनामा आगो नलाग्ने प्लास्टिक बनाउन प्रयोग गरिने हानिकारक तत्त्व थिए।

दैनिक उपभोग गर्ने उत्पादनमा नपाइने अर्ग्यानोटिन यौगिकहरू पनि फेला पर्दा आफूहरू आश्चर्यचकित भएको वैज्ञानिकहरूले बताए। त्यस्ता यौगिक मानिसमा होर्मोन असन्तुलन तथा प्रजनन तथा विकास क्रममा नकारात्मक असर पार्ने भनेर चिनिन्छन्।तीमध्ये कति त प्लाइउड बनाउन प्रयोग गरिने रासायनिक पदार्थ हुन्। यिनलाई मानिसको शरीरमा जैविक परिवर्तनको कारक र स्तन क्यान्सर बनाउने तत्त्वका रूपमा पनि हेरिन्छ। नक्कली कपालमा केन्द्रित अघिल्ला अध्ययनमा त्यस्ता कपालमा हानिकारक धातु पाइएको थियो। यसपालिको अध्ययनमा मानव रौँकै ११ वटा नमुना पनि समेटिएका थिए।

मानव रौँहरू महँगा थिए। तिनलाई कुनै रासायनिक प्रक्रियामार्फत् प्रशोधन नगरिएको भनेर विज्ञापन गरिएको थियो। ती एक दाताबाट मात्र लिइएका थिए।तर कैयौँ त्यस्ता मान्छेकै रौँबाट बनेका कपालका नमुनाहरूमा कृत्रिम कपालमाभन्दा बढी इन्डोक्राइन प्रणालीमा असर गर्ने किसिमका लगायतका हानिकारक रसायन भेटिए।

फ्र्याङ्क्लिन भन्छिन्, "उत्पादनहरूमा मानव रौँ भनेर लेबल टाँसेको छ भन्दैमा ती कारखानामा उत्पादित कपालभन्दा सुरक्षित हुँदा रहेनछन् भन्ने देखियो। "फ्रयाङ्क्लिन यूएस साइलन्ट स्प्रिङ इन्स्टिट्यूटसँग सम्बद्ध वैज्ञानिक हुन्। यसले स्तन क्यान्सरका वातावरणीय कारणहरूमाथि अध्ययन गर्ने गर्छ।मानव रौँमा पनि अनेकौँ खतरनाक रासायनिक पदार्थ भेटिए। अनुसन्धानकर्ताका अनुसार मानव रौँमा त्यस्ता रसायन तिनको उत्पादनका बेला वा व्यवस्थापनका बेला परेका हुन सक्छन्।अध्ययनले हानिकारक रसायनको तह जाँचेको थिएन। तर होर्मोनलाई प्रभाव पार्ने तत्त्वहरू सानो मात्रामा भए पनि त्यसले असर गर्ने फ्र्याङ्क्लिन बताउँछिन्। नक्कली कपाल लगाउँदा कपाललाई तताइन्छ वा उम्लिरहेको पानीमा डुबाइन्छ - यसो गर्दा विषालु धुवाँ निस्कन सक्छ। सास फेर्दा ती रसायन मानिसको शरीरभित्र पुग्छन्।

तिनीहरू छालाको सम्पर्कबाट पनि पुग्छन्। यसो गर्दा नयाँ कपाल लगाउने मात्र नभएर लगाइदिनेलाई पनि समस्या पर्न सक्ने अनुसन्धानकर्ताले बताएका छन्।कतिपय यस्ता कपाल लगाउनेहरूमा चिलाउने डाबर आउने अनि टाउकोको सतह, गर्धन र अनुहारमा सुन्निने र कसैकसैलाई श्वासप्रश्वासमा समस्या आउन सक्छ। रासायनिक प्रक्रिया पार गरेको कपाल कसरी सुरक्षित रूपमा लगाउन सकिन्छ भन्नेबारे खासै प्रमाणित उपायहरू छैनन्। लगाउनुअघि भिनिगरले नुहाउने क्रियाले पनि खासै समाधान नदिएको अनुसन्धानकर्ताहरू बताउँछन्।अध्ययन गरिएका ४३मध्ये दुई नमुनामा मात्र कुनै हानिकारक रासायनिक पदार्थ नरहेको वैज्ञानिकहरूले पाएका थिए। तर यस्ता दाबीले पनि झुटो आश्वासन दिने हो कि भन्ने फ्र्याङ्क्लिन भन्छिन्।

"यस्ता उत्पादन र तिनको प्रयोगबारे नियमनको प्रभावकारी व्यवस्था छैन, जसले गर्दा दोषीले दण्ड पाउने अवस्था पनि रहेन।" यूकेमा यसबारे सन् २०२६ को अगस्टसम्ममा कानुन बनाउने योजना छ।कपालमा लगाइने रङ र कपाल सीधा बनाउन प्रयोग गरिने रासायनिक पदार्थ पनि स्तन क्यान्सरको खतरा बढाउने खालका भनेर यसअघिका अध्ययनले देखाएका छन्। नक्कली कपालभन्दा फरक यस्ता रासायनिक पदार्थबारेका नियम विद्यमान रहेकाले सुरक्षा जाँच गर्ने गरिन्छ।केही उत्पादकहरूले किन्नुअघि गुणस्तरबारे विश्वस्त हुन भनेका हुन्छन् । "तर यदि ती बजारमा हुँदैनथे भने हामीले छान्नु पनि पर्दैनथ्यो," फ्र्याङ्क्लिन भन्छिन् ।"त्यसैले जसले नक्कली कपाल लगाउने गरेका छन्, उनीहरूले यो अध्ययनले पाएको नतिजामा चासो राख्नुपर्ने देखिन्छ।"

# स्ट्रेट अफ होर्मुज खुलाउन ट्रम्पले दिएको समयसीमा नजिकिँदै जाँदा तेहरानको कडा जबाफ

बीबीसी

काठमाण्डु ।राष्ट्रपति डोनल्ड ट्रम्पले इरानलाई ४८ घण्टाभित्र होर्मुजको जलमार्ग पुनः खोल्न वा ठूलो अमेरिकी आक्रमणको सामना गर्न दिएको चेतावनीको कडा प्रतिक्रिया जनाएको छ।

त्यसो नगरे इरानी ऊर्जा प्लान्टहरू "मेटाइदिने" भनेर गत सप्ताहन्तको सुरुमा ट्रम्पले चेतावनी दिएकामा तेहरानले यदि ट्रम्पले धम्क्याएजसरी वाशिङ्टन अघि बढेमा उक्त समुद्री जलमार्ग पूर्ण रूपमा बन्द गरिदिने चेतावनी दिएको छ।एकजना वरिष्ठ इरानी कमान्डरले खाडी क्षेत्रभर रहेका ऊर्जा, तेल, प्रविधि र जलप्रशोधन केन्द्रहरूलाई आफ्नो वैध निशाना मानिने समेत बताए।एक्समा लेख्दै इरानी राष्ट्रपति मसूद पेजेश्कियानले इरान विरुद्धको अमेरिकी धम्कीले "हतास" भएको देखाउने बताएका थिए।

"धम्की र आतङ्कले हाम्रो एकतालाई बलियो बनाउँछ। हाम्रो भूमि उल्लङ्घन गर्नेहरूबाहेक होर्मुजको जलमार्ग सबैका लागि खुला छ। हामी युद्धभूमिमा बेसुरका खतराहरूको दृढतापूर्वक सामना गर्छौं।" ट्रम्पले दिएको उक्त अल्टिमेटम तेहरानको समय अनुसार २४ मार्चको बिहान ३ बजे सकिँदै छ। यसैबीच आइतवार



अबेर भएको टेलिफोन वार्तामा ब्रिटिश प्रधानमन्त्री किअर स्टार्मर र अमेरिकी राष्ट्रपति ट्रम्पले होर्मुजको जलमार्ग पुनः खोल्दै "विश्वव्यापी ढुवानी पुनः सुरु गर्न आवश्यक" रहेकामा सहमति जनाएका छन्।

ट्रम्पले होर्मुज जलमार्ग नखुलाइए इरानका ऊर्जा केन्द्रहरू "सबैभन्दा ठूलोबाट सुरु गर्दै" ध्वस्त पार्ने भनेका थिए। जबाफमा इस्लामिक रेभलूशनरी गार्ड कोर (आईआरजीसी)ले अमेरिकी आक्रमण भएमा "हाम्रा ध्वस्त पावर प्लान्टहरू पुनर्निर्माण नभएसम्म" स्ट्रेट पुनः नखोलिने जनाएको छ।

यसैबीच इजरेल डिफेन्स फोर्सेस (आईडिएफ)ले इरान र हिज्बुल्लाहविरुद्ध "अझ कैयौँ हप्ता लडाईं" सामना गर्नुपर्ने ठानिएको बताएको छ। अमेरिका र इजरेलले पछिल्लो हमला सुरु गरेयता इरानले उक्त जलमार्ग प्रभावकारी रूपमा अवरुद्ध गरेको छ।विश्वव्यापी तेल आपूर्तिको करिब २० प्रतिशत हिस्सा ढुवानी हुने उक्त जलमार्गमा यतिखेर सीमित पानीजहाजलाई मात्र अनुमति दिइएको छ।सामान्यतः हरेक महिना करिब ३,००० पानीजहाजहरू होर्मुजको जलमार्ग हुँदै यात्रा गर्छन्। तर इरानले ट्याङ्कर र अन्य पानीजहाजहरूमा आक्रमण गर्ने धम्की दिइरहँदा पछिल्ला सातामा उक्त सङ्ख्या नाटकीय रूपमा घटेको छ।

एएफपी समाचार संस्थाको १८ मार्चको तथ्याङ्क अनुसार युद्ध सुरु भएदेखि कम्तिमा २१ वटा जहाजहरूमा प्रहार वा निशानामा पारिएका वा आक्रमण गरिएका विवरण छ। युद्ध सुरु भएयता विश्वव्यापी रूपमा इन्धनको मूल्य ह्वात्तै बढेको छ। कच्चा तेल प्रति ब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ जुन यसै वर्ष भएको करिब ७० प्रतिशतको वृद्धि हो भने एक वर्ष अघिको तुलनामा लगभग ५० प्रतिशतको वृद्धि हो।

सोमवार एसियाली बजारमा कच्चा तेलको बेन्चमार्क 'ब्रेन्ट क्रूड' प्रति ब्यारल १११.२५ अमेरिकी डलरमा पुगेको छ भने अमेरिकामा कारोबार हुने तेल प्रतिब्यारल ९८.१८ मा छ। अमेरिकी विदेश मन्त्रालयले विश्वभरका अमेरिकीहरूलाई थप सजग रहन सूचना जारी गरेको छ।

सामाजिक सञ्जाल एक्समा लेख्दै मन्त्रालयले "विश्वभर र विशेषगरी मध्यपूर्वमा रहेका अमेरिकीहरूलाई थप सावधानी अपनाउन" आह्वान गरिएको जनाएको छ।"नियमित हवाई क्षेत्र बन्द हुँदा यात्रामा अवरोध आउन सक्छ। मध्यपूर्वबाहिरका अमेरिकी कूटनीतिक केन्द्रहरूलाई लक्षित गरिएको छ," सूचनामा भनिएको छ।"इरानलाई समर्थन गर्ने समूहहरूले विदेशमा रहेका अन्य अमेरिकी स्वार्थ वा संयुक्त राज्य अमेरिका र/वा विश्वभर अमेरिकीहरूसँग सम्बन्धित स्थानहरूलाई लक्षित गर्न सक्छन्।"

# युरोपेली सङ्घकी प्रमुख अष्ट्रेलियामा, व्यापार सम्झौतामा जोड



एएफपी

सिड्नी । युरोपेली सङ्घकी प्रमुख उसुला फन डेर लेयन सोमबार अष्ट्रेलियामा पुगेकी छिन्, जहाँ वर्षौंदेखि वार्ता चलिरहेको स्वतन्त्र व्यापार सम्झौता टुंग्याउने आशा राखिएको छ ।यो फन डेर लेयनको अष्ट्रेलियाको पहिलो यात्रा हो, र यो यात्रा मध्यपूर्व युद्धले उत्पन्न ऊर्जा असुरक्षाको पृष्ठभूमिमा भएको छ ।उहाँ सोमबार सिड्नीमा अष्ट्रेलियाको राज्य प्रमुखसँग भेट गर्न र पारम्परिक स्वागत समारोहमा भाग लिन पुग्नुभएको हो, त्यसपछि उहाँ क्यानबेरामा पुगेर प्रधानमन्त्रीसँग भेट्ने र संसदलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

उहाँसँगै युरोपेली सङ्घका व्यापार आयुक्त पनि छन्, जसले लामो समयदेखि प्रतिक्षित स्वतन्त्र व्यापार सम्झौतामा अन्ततः हस्ताक्षर हुन सक्छ भन्ने अड्कलबाजीलाई गति दिएको छ ।

अष्ट्रेलियाले पहिले युरोपेली सवारीसाधनमा लगाइएको विलासितापूर्ण कर हटाउन सक्ने भनेको थियो । अष्ट्रेलियाको सबैभन्दा ठूलो निर्यात बजार चीन हो भने अमेरिकी लगानी सबैभन्दा ठूलो स्रोत हो । तर सन् २०२० मा बेइजिङसँगको विवाद र गत वर्षको अमेरिकी व्यापार करका कारण, क्यानबेराले कृषकहरूको लागि निर्यात बजार विविधिकरणमा जोड दिएको छ ।

युरोपेली सङ्घ अष्ट्रेलियाको तेस्रो ठूलो दुईतर्फी व्यापार साझेदार र विदेशी लगानीको दोस्रो ठूलो स्रोत हो ।व्यापार मन्त्री डन फरेलले गत हप्ता युरोपेली सङ्घसँगको सम्झौताले पहिलो वर्षमा अष्ट्रेलियाको व्यापारमा १० अर्ब अष्ट्रेलियन डलर थप्ने बताउनुभएको छ ।"यदि हामी यो सम्झौता टुंग्याउन सफल भयौं भने, उहाँहरू सम्भावित रूपमा हाम्रो दोस्रो ठूलो व्यापार साझेदार बन्न सक्दछन्," उहाँले भन्नुभयो ।

बैठकमा मध्यपूर्वको युद्ध पनि मुख्य मुद्दा हुनेछ, जसले तेलको मूल्य बढाएको छ ।क्यानबेरामा, अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुख फतिह बिरोलले सोमबार यदि विवाद समाधान भएन भने विश्वले दशकौंमा नदेखेको ऊर्जा सङ्कटको सामना गर्न सक्ने बताउनुभयो । विदेशी इन्धनमा भारी निर्भर अष्ट्रेलियाले पनि विश्वव्यापी ऊर्जा सङ्कटको दबाब महसुस गरेको छ ।ऊर्जा मन्त्री क्रिस बोवेनले सोमबार केही पेट्रोल पम्पमा इन्धन सकिएको भए पनि देश हालको अवस्थामा वितरण सीमामा नभएको बताउनुभयो ।

# हेजबुल्लाहद्वारा इजरायल विरुद्ध ६० भन्दा बढी सैन्य अपरेसन सञ्चालन : इरानी मिडिया



एएनआई

तेहरान । हिजबुल्लाहले सोमबार २४ घण्टाको समय अवधिमा इजरायली सैन्य केन्द्रहरूलाई लक्षित गरी ६३ वटा सैन्य कारबाही गरेको इरानी मिडियाले बताएका छन् ।हेजबुल्लाहले जारी गरेको विज्ञप्तीलाई उद्धृत गर्दै मिडियाले लेबनानी क्षेत्र र जनताको रक्षा गर्न र इजरायली आक्रमणहरूको प्रतिक्रियाका रूपमा अपरेसनहरू सुरु गरिएको बताएको छ ।अपरेसनमा रकेट र ड्रोन आक्रमण समावेश रहेको बताइएको छ भने लक्ष्यहरू मुख्यतया इजरायली सैन्य केन्द्र सवारी साधन, र सीमा क्षेत्रहरूमा रहेका सैन्य तैनाती केन्द्रहरूमा केन्द्रित छन् ।

उत्तरी सहर मालोट-तर्सिहाको एक घरमा हिजबुल्लाहले रकेट प्रहार गर्दा पाँच जना घाइते भएको टाइम्स अफ इजरायलले रिपोर्ट गरे पछि यो घटनाक्रम आएको हो ।हिजबुल्लाहले शनिबार उत्तरी इजरायलमा रकेट प्रहार गरी धेरै भवन र पूर्वाधारलाई क्षति पुगेको बताइएको छ ।हिजबुल्लाहले देशको दक्षिण क्षेत्रमामा हतियार ओसार्न प्रयोग गरेको आरोपमा लेबनानको लिटानी नदीमा रहेको पुललाई इजरायली वायुसेनाले आइतबार धस्त पारेको टाइम्स अफ इजरायलले जनाएको छ ।

लिटानीको कासमिया ब्रिजमा भएको आक्रमणले बेरुतबाट आक्रोशको सामना गर्नु परेको थियो, जसले यो कदमलाई खतरनाक भन्दै चेतावनी दिएको छ भने लेबनानमा इजरायललाई आक्रमण गर्नबाट रोक्न अन्तर ाष्ट्रिय समुदायलाई हस्तक्षेप गर्न अनुरोधसमेत गरेको छ ।

# दिगो डाटा सेन्टर निर्माणमा अष्ट्रेलियाको नयाँ रणनीति

सिन्ह्वा

सिड्नी । अष्ट्रेलियाली सरकारले सोमबार जल स्रोतको दिगो प्रयोग गर्ने र राष्ट्रिय स्वच्छ ऊर्जा सङ्क्रमणमा योगदान गर्ने डाटा सेन्टरहरूको अनुमोदन प्रक्रिया तीव्र बनाइने घोषणा गरेको छ । उद्योग तथा नवप्रवर्तन मन्त्री तथा विज्ञान मन्त्री टिम एयर्स का अनुसार, नयाँ फ्रेमवर्कले डाटा सेन्टर विकासकर्ताहरूलाई स्पष्ट र स्थिर सङ्केतहरू प्रदान गर्ने भएकाले अष्ट्रेलियामा लगानी गर्न अझ सजिलो र भरोसायोग्य वातावरण सिर्जना हुनेछ । यस पहलले देशभित्रको आधुनिक प्रविधि पूर्वाधार विस्तारलाई प्रोत्साहन गर्दै राष्ट्रिय हितलाई प्राथमिकता दिनेछ ।

एयर्सले जलवायु परिवर्तन तथा ऊर्जामन्त्री क्रिस



बोवेन र विज्ञान, प्रविधि तथा डिजिटल अर्थतन्त्रका सहायक मन्त्री एन्ड्र्यू चार्ल्टनसँग डाटा सेन्टरहरूको विकास 'अष्ट्रेलियाली जनताको आवश्यकता पहिलो प्राथमिकता' हुनुपर्ने बताउनुभयो । फ्रेमवर्क अनुसार, राष्ट्रिय हितलाई प्राथमिकता दिने, ऊर्जा सङ्क्रमणलाई सहयोग गर्ने, जल स्रोतको दिगो र जिम्मेवार प्रयोग गर्ने, स्थानीय सीप र रोजगारीमा लगानी गर्ने तथा अनुसन्धान र नवप्रवर्तन क्षमता सुदृढ पार्ने परियोजनाहरूलाई योजना तथा अनुमोदन प्रक्रियामा तीव्रता प्रदान गरिनेछ ।

अष्ट्रेलियाली ऊर्जा बजार अपरेटरको सन् २०२५ को अनुमान अनुसार, डाटा सेन्टरहरूले २०३० सम्म ग्रिडबाट आपूर्ति हुने विद्युत् करिब ६ प्रतिशत र २०५० सम्म १२ प्रतिशत खपत गर्नेछन्, जुन २०२४-२५ मा केवल २ प्रतिशत थियो । यस नयाँ फ्रेमवर्क अन्तर्गत, नयाँ डाटा सेन्टरहरूले आफ्ना ऊर्जा आवश्यकताहरू पूर्ति गर्न नयाँ वा अतिरिक्त स्वच्छ ऊर्जा उत्पादन वा भण्डारण सुनिश्चित गर्नुपर्ने, उद्योगमा अग्रीम दक्षता उपायहरू अपनाउनुपर्ने र प्रसारण तथा वितरण पूर्वाधार लागतको आफ्नो हिस्सा बहन गर्नुपर्छ ।

बोवेनले बताएअनुसार, यी कदमहरूले सबै उपभोक्ताका लागि ऊर्जा मूल्य स्थिर र न्यून राख्न सहयोग पुऱ्याउनेछन्, साथै देशमा आधुनिक डाटा पूर्वाधार र स्वच्छ ऊर्जा संयन्त्रको विकासलाई प्रोत्साहित गर्नेछ । यस पहलले अष्ट्रेलियालाई दिगो प्रविधि लगानी र भविष्यको ऊर्जा सुरक्षामा अग्रणी देशको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ ।

# कार्यविधि नहुँदा जटिल बन्दै सुदूरपश्चिमका वन

घोडाघोडी । विसं २०७७ सालमा 'वैज्ञानिक वन व्यवस्थापन' कार्यविधि खारेज भएपछि सुदूरपश्चिमका सयौँ सामुदायिक वन र कैलालीका साझेदारी वन नीतिगत अन्योलतामा छन् ।

वन क्षेत्रका ढलापडा रूख सङ्कलन बाहेक वन सम्वर्द्धन प्रणालीमा आधारित कुनै काम वन समूहले गर्न सकेका छैनन् । जसले गर्दा स्थानीयस्तरमा वन व्यवस्थापनबाट सृजना हुने रोजगारी गुम्नुका साथै वनको प्रभावकारी संरक्षण र व्यवस्थापन प्रभावित बनेको कैलाली लम्की चुहा नगरपालिका-३ स्थित मुक्तकमैया सामुदायिक वनका अध्यक्ष हितु चौधरी बताउनुहुन्छ ।

कञ्चनपुर जिल्लामै पहिलो पटक २०७४ सालमा वैज्ञानिक वन व्यवस्थापन लागू गरेको सिंहपुर सामुदायिक वनका अध्यक्ष जोगराज चौधरीले कार्यविधि खारेजीपछि प्रदेशले दिगो वन व्यवस्थापनसम्बन्धी नयाँ व्यवस्था नल्याउँदा समस्या भएको बताउनुभयो । उहाँका अनुसार वन सञ्चालन कठिन बनेको छ । यही अवस्था जारी रहे सरकारलाई वन हस्तान्तरण गर्नुपर्ने अवस्था आउन सक्ने उहाँको भनाइ छ ।

यो पीडा केवल सामुदायिक वन उपभोक्ता समूहको मात्र हैन । साझेदारी वनको पनि उस्तै छ । कैलालीको भारताल साझेदारी वनका अध्यक्ष यादव भण्डारीका अनुसार वन संरक्षणदेखि व्यवस्थापन र वन पैदावार सदुपयोगसम्मका गतिविधिमा गम्भीर असर परेको छ । उहाँले भन्नुभयो, "यसले सरकारको राजस्वमा नकारात्मक प्रभाव पार्नुका साथै वनका बुढा रूखको समयमै सदुपयोग नहुँदा गुणस्तर घट्दै नोक्सानी भइरहेका छन् । साझेदारी वनको कार्ययोजना नै अलपत्र परेका छन् ।"

एकातिर वनभित्र करोडौं मूल्यका काठ दिनानुदिन कुहिँदै गएको छभने अर्कोतिर उपभोक्ताले काठ पाउन सकेका छैनन् । दिगो वन व्यवस्थापन रोकिँदा काष्ठ व्यवसायी मारमा परेको पर्यावरण संरक्षण तथा वन पैदावार व्यवसायी सङ्घ कैलालीका अध्यक्ष जोन शाह बताउनुहुन्छ । यता डिभिजन वन कार्यालय, कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत रामबिचारी ठाकुर कार्यविधि अभावले गर्दा दिगो वन व्यवस्थापनमा कठिनाइ देखापरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रदेशस्तरबाट दिगो वन व्यवस्थापन कार्यविधि नआएसम्म वन व्यवस्थापन अघि बढाउन समस्या छ । यसले स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरमा राजस्व सङ्कलनमा समेत असर पारेको छ ।"

कैलाली र कञ्चनपुरका वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेलगायतका २३ बुँदे माग राख्दै आन्दोलन घोषणा गरेका थिए । उनीहरूको माग सम्बोधनका लागि सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज विष्टको संयोजकत्वमा कार्यदल गठन गरी गत मङ्सिर ९ गते एक महिनाभित्रै कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने माग मन्त्रालयमा पेस गरिएको थियो । तर हालसम्म सो कार्यविधि कार्यान्वयनमा आएको छैन ।

प्रदेश सरकारले तत्काल समस्या समाधान गर्नुपर्ने वैज्ञानिक वन उपभोक्ता राष्ट्रिय महासङ्घ नेपाल सुदूरपश्चिम प्रदेश संयोजक पुष्कलबहादुर बम बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रदेश वन निर्देशकको संयोजकत्वमा कार्यदल गठन भई दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृत गर्ने कार्य अगाडि बढाइएको छ । यदि कार्यविधि कार्यान्वयनमा नआएमा सरोकारवाला अन्य सङ्घ-संस्थासँग सल्लाह गरेर अघि बढ्नेछौँ ।"

**के हो दिगो वन व्यवस्थापन ?**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत वन विज्ञान अध्ययन संस्थानका प्राध्यापक डा राजेश राईका अनुसार दिगो वन व्यवस्थापन तीनवटा आधारभूत पक्षमा आधारित अवधारणा हो । उहाँका अनुसार यसको पहिलो आधार भनेको सामाजिक पक्ष हो, जसमा वन किन र के उद्देश्यका लागि व्यवस्थापन गरिँदैछ भन्ने कुरा स्पष्ट पार्नु हो । उक्त कुरा उपभोक्ता समूह वा वनको स्वामित्व लिने पक्षले तय गर्नुपर्ने उहाँको भनाइ छ ।



"आफ्नो वन काठ उत्पादनका लागि हो कि काठ-दाउरा, जडीबुटी वा पर्यटन प्रवर्द्धनका लागि हो भन्ने कुरा पहिला नै निर्णय गर्नुपर्छ," प्राध्यापक राईले बताउनुभयो ।उद्देश्य निर्धारण भइसकेपछि अर्को चरणमा वन व्यवस्थापनको उपयुक्त तरिका छनोट गर्नु हो । यो भनेको वनको वातावरणीय पक्ष हो । "वनको वर्तमान अवस्था र क्षमताको मूल्याङ्कनका आधारमा वन व्यवस्थापनको उद्देश्य पूरा गर्न सक्ने वन संवर्द्धन प्रणाली अपनाउनुपर्छ," उहाँले भन्नुभयो, "कस्तो किसिमले वनको पुनरुत्पादन गर्ने, वनलाई कसरी हुर्काउने र वन पैदावारको कसरी उपयोग गर्ने भन्ने प्राविधिक पक्ष यही चरणमा निर्धारण हुन्छ ।"

प्राध्यापक राईका अनुसार दिगो वन व्यवस्थापन प्रक्रियाको तेस्रो र महत्त्वपूर्ण पक्ष भनेको आर्थिक हो, जसमा वन व्यवस्थापनको उद्देश्य र वन संवर्द्धन प्रणाली आर्थिक रूपमा पनि व्यवहारिक हुनुपर्छ । त्यो भनेको व्यवस्थापनमा लाग्ने खर्चभन्दा प्राप्त हुने आम्दानी बढी हुने गरी योजना बनाइनुपर्छ । "यी तीनै पक्ष स्पष्ट उद्देश्य, उपयुक्त प्राविधिक व्यवस्थापन र आर्थिक सम्भाव्यता पूरा भए मात्रै त्यसलाई दिगो वन व्यवस्थापन भन्न सकिन्छ," उहाँले भन्नुभयो ।

उहाँले हालको प्रक्रियामा खासै समस्या नभएको बताउनुभयो । उहाँकाअनुसार धेरैजसो सालका जङ्गल र उत्पादनमूलक वनलाई आम्दानीका हिसाबले काठ र दाउरा निकाल्ने उद्देश्यले व्यवस्थापन गरिएको छ । दिगो वन व्यवस्थापन सबै ठाउँमा एउटै ढाँचामा हुन नसक्ने राईको भनाइ छ । उहाँ भन्नुहुन्छ, "कैलालीमा गर्ने वन व्यवस्थापन र डडेलधुरा वा दार्चुलामा गर्ने वन व्यवस्थापन एउटै हुँदैन, किनभने त्यहाँको वनको अवस्था र आवश्यकता फरक छन् ।" वैज्ञानिक वन व्यवस्थापन र अहिले चर्चामा रहेको दिगो वन व्यवस्थापनबारे प्राध्यापक राई भन्नुहुन्छ, "यी दुई फरक मोडालिटी होइनन्, बुझाइको कमीले फरक जस्तो देखिएको हो ।"

**घट्दै उत्पादकत्व**

सुदूरपश्चिम प्रदेशमा दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृत नहुँदा वनको उत्पादकत्व घट्दै गएको छ । वनभित्र पुराना र वृद्धि रोकिएका रूखको अत्यधिक चापका कारण नयाँ बिरुवा हुर्कन नसकेको प्रदेश वन निर्देशक हेमराज बिष्ट बताउनुहुन्छ । निर्देशक विष्टका अनुसार हाल प्रदेशका धेरै वन क्षेत्रमा 'ओभर म्याच्योर' अर्थात् अत्यधिक वृद्ध रूख छन् । जसले सूर्यको प्रकाश रोक्दा वनको प्राकृतिक पुनरुत्पादन प्रभावित भएको छ ।

नयाँ बिरुवा हुर्कन दैनिक पाँचदेखि सात घण्टा सूर्यको प्रकाश आवश्यक पर्छ । "पुराना रूखले ठाउँ र घाम दुवै छेक्दा नयाँ पुस्ताको विकास हुन सकेको छैन, जसले वनको समग्र उत्पादकत्व घटाइरहेको छ," उहाँले भन्नुभयो ।विष्टकाअनुसार दिगो वन व्यवस्थापन भनेको वनलाई निश्चित वैज्ञानिक चक्रमा व्यवस्थापन गर्दै पुराना रूख हटाउने र त्यही स्थानमा नयाँ बिरुवाको पुनरुत्पादन सुनिश्चित गर्ने प्रक्रिया हो । साल प्रजातिको रूखको हकमा ८० वर्षको चक्र मानिने गरिन्छ ।

नेपालका अन्य ६ वटा प्रदेशमा दिगो वन व्यवस्थापन पद्धति लागू भइसकेको भए पनि सुदूरपश्चिम प्रदेशमा भने कार्यविधि स्वीकृत हुन ढिलाइ भएको उहाँले बताउनुभयो । विगतमा 'वैज्ञानिक वन व्यवस्थापन' खारेज भएपछि उत्पन्न नीतिगत शून्यतालाई चिर्न अहिले सबै सरोकारवाला दिगो वन व्यवस्थापनमा सहमत भइसकेको बताउँदै उहाँले भन्नुभयो, "कार्यविधि तयार भई मन्त्रालयमा पेस भइसकेको छ, नीति तथा कार्यक्रममा पनि समावेश छ, तर औपचारिक स्वीकृति भइसकेको छैन ।कार्यविधि स्वीकृत भएलगत्तै आगामी आर्थिक वर्षदेखि पाँचदेखि १० वटा वनमा नमुना परियोजनाका रूपमा दिगो वन व्यवस्थापन लागू गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

**कार्यविधि निर्माणको तयारी**

सङ्घीय मन्त्रालयले २०८१ सालमा जारी गरेको दिगो वन व्यवस्थापन मापदण्डको आधारमा सातै प्रदेशले आफ्नै कार्यविधि निर्माण गर्नुपर्ने दायित्व पाएका थिए । सोहीअनुसार सुदूरपश्चिम बाहेकका प्रदेशले दिगो वन व्यवस्थापनअनुसार वन व्यवस्थापन गरिरहेका छन् । तर सुदूरपश्चिम प्रदेशमा कार्यविधि अन्योलमा छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाका अनुसार, सुदूरपश्चिममा कार्यविधि निर्माणको प्रारम्भिक चरणमा विवाद र असमझदारीका कारण प्रक्रिया अड्किएको थियो । अब भने चाँडै दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृतको तयारी गरिएको छ ।

संरक्षण साझेदार, सामुदायिक तथा साझेदारी वनका पदाधिकारी र उपभोक्ताको ज्ञापनपत्र र त्यसको छलफल पश्चात् वन सुदूरपश्चिम वन निर्देशकको संयोजकत्वमा कार्यदल गठन गरिएको बताउँदै कोइरालाले भन्नुभयो, "कार्यदलले सुझाव दिएपछि मापदण्डअनुसार दिगो कार्यविधि तयार पार्ने काम अघि बढाइएको छ ।रासस

## व्यावसायिक गाईपालनबाट आयआर्जन गर्दै वडाध्यक्ष तामाङ

भोजपुर । यहाँको पौवादुङमा गाउँपालिका-१ श्यामशिलाका वडाध्यक्ष राजेन्द्र तामाङ जनताको सेवासँगै व्यावसायिक गाईपालनमा व्यस्त हुनुहुन्छ । उहाँ जनप्रतिनिधिको जिम्मेवारीका साथसाथमा उत्पादनमूलक क्षेत्रमा लागिरहनुभएको छ ।

तामाङले सञ्चालन गर्नुभएको गाई फार्ममा हाल चार उन्नत जातका गाईरहेका छन् । व्यवस्थित रूपमा गाईपालन गर्दै आउनुभएका उहाँले आधुनिक तरिका अपनाउँदै उत्पादन बढाउने प्रयाससमेत गरिरहनुभएको छ । दैनिक रूपमा उत्पादन हुने दूध स्थानीय बजारमा बिक्री गर्दै उहाँले आम्दानी लिन सफल हुनुभएको छ । दूध बिक्रीबाट सबै खर्च कटाएर मासिक रु २५ हजारदेखि ३० हजारसम्म आम्दानी भइरहेको उहाँको भनाइ छ ।उहाँका अनुसार जनप्रतिनिधिको जिम्मेवारी निर्वाह गर्दै बाँकी समयलाई कृषि तथा पशुपालनमा लगानी गर्दा आर्थिक रूपमा सुदृढ बन्न सकिन्छ ।

"समय व्यवस्थापन गरेर काम गर्न सकियो भने सरकारी जिम्मेवारीसँगै उत्पादनमूलक क्षेत्रमा पनि सफलता हासिल गर्न सकिन्छ," उहाँले भन्नुभयो, "युवाहरू वैदेशिक रोजगारीमा जानुभन्दा गाउँमै केही गरेर देखाउनुपर्छ भन्ने मेरो सन्देश हो ।"गाईपालनबाट प्राप्त आम्दानीले परिवारको खर्च धान्न सहयोग पुग्नुका साथै थप लगानीका लागि प्रेरणा मिलेको उहाँले बताउनुभयो । पछिल्लो समय दानापानी, औषधि तथा व्यवस्थापनमा हुने खर्च बढे पनि उचित योजना र मेहनतले राम्रो प्रतिफल लिन सकिने उहाँको अनुभव छ ।रासस

## चितवनका सातवटै पालिकामा बाख्रालाई 'पिपिआर' खोप लगाइँदै

चितवन । यही चैतको तेस्रो सातादेखि जिल्लाका सातै पालिकामा 'पिपिआर' खोप अभियान सञ्चालन गरिने भएको छ । अभियान अन्तर्गत दुई लाख ५० हजार बाख्रालाई सो खोप लगाइने लक्ष्य निर्धारण गरिएको छ । जिल्लामा अहिले तीन लाख बाख्रा पालिएको जनाइएको छ ।

पशुसेवा कार्यालयका प्रमुख डा प्रभात न्यौपानेका अनुसार यो रोग 'मोरडिली' भाइरसका कारण लाग्ने गर्दछ । उहाँले भन्नुभयो, "रोग लागेपछि ५० देखि ९० प्रतिशत बाख्रा मर्ने गर्दछन् । यो रोग लागेका बाख्रामा उच्च ज्वरो आउने, मुखमा घाउ हुने, झाडापखाला लाग्ने, नाक-आँखाबाट सिँगान बग्ने, निमोनिया भए जस्तो हुने, श्वास फेर्न गारो हुने, खान मन नलाग्ने, कमजोर हुने हुँदा छिट्टै मर्ने जस्ता लक्षण देखिन्छ । "



प्रमुख डा न्यौपानेले यो रोग सुरुमा तीन दिनदेखि पाँच दिनमा देखिन्छ र सातदेखि १० दिनभित्र बाख्रा मर्न सक्ने बताउनुभयो । कार्यालयले हरेक वर्ष बाख्रामा यो रोग विरुद्धको खोप दिइँदै आएको छ । यसको रोगी बाख्राको जुत्तोबाट, रोगी बाख्राको नाकबाट निस्कने सिँगानबाट, आँखाबाट निस्कने आँशुको माध्यमबाट, रोगी बाख्राले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणहरुमा भएका विषाणुबाट सङ्क्रमण फैलिने हुन्छ । यसका साथै खाने पानी, दानाको डुँड र प्रयोग गरिएको सोत्तर पनि विषाणुबाट सङ्क्रमित भई सङक्रमण फैलिने हुन्छ ।

व्यवसायीक रुपमा बाख्रापालन गर्ने किसानले जैविक सुरक्षाको विधि अवलम्बन गर्न उहाँले सुझाव दिनुभयो । यस रोगबाट बाँच्न रोगी बाख्राको शरीरबाट निस्कने आँशु, सिँगान र मलमूत्रमा यस रोगका विषाणु प्रसस्त मात्रामा रहेका हुन्छन् त्यसैले रोगको सङ्क्रमण फैलिन नदिन रोगी बाख्रालाई बथानबाट अलग्गै राख्नुपर्ने उहाँले बताउनुभयो ।

पिपिआर रोगले मरेका पशुलाई गाड्नु वा जलाउनुका साथै रोगी बाख्रासँग लसपस भएका सरसामान जलाउनु वा गाड्ने गर्नुपर्दछ । यस रोगबाट बचाउनका लागि तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडा बाख्रालाई प्रत्येक दुई वर्षमा यस रोगविरुद्ध खोप लगाउनु पर्दछ ।रासस

## पोखरामा आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'जाउँ है पोखरा' अभियान

गण्डकी । आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यले पूर्वी नेपालको प्रमुख सहरलाई लक्षित गरी 'जाउँ है पोखरा' कार्यक्रम सुरुआत गरिएको छ ।

होटेल सङ्घ नेपाल (हान) पोखराको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा आयोजित सो कार्यक्रम सोमबारदेखि चैत १३ गतेसम्म जारी रहने छ ।विगत २२ वर्षदेखि सञ्चालन भैराखेको सो अभियान वीरगञ्ज, हेटौँडा, विराटनगर, इलाम लगायतका सहरमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना हुने सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो ।पोखरामा क्रियाशील पर्यटन व्यवसायी, होटेल व्यवसायीका साथै सञ्चारकर्मी सहितको १९ सदस्यीय टोलीले अभियानका क्रममा पूर्वी नेपालका पर्यटन व्यवसायीसँग पर्यटकीय साझेदारी, छलफल, अन्तरक्रिया गर्नुका साथै प्रचार सामग्री वितरण गरिने उहाँले बताउनुभयो ।

उक्त क्रममा आन्तरिक पर्यटनका विभिन्न आकर्षक प्याकेजसमेत सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो । "सङ्घकै आयोजनामा हरेक नेपाली नयाँ वर्षका अवसरमा गरिँदै आएको फेवा नव वर्ष महोत्सवको २१औँ संस्करणका लागि पूर्वी नेपालका स्थानीयलाई निम्तो दिनुपनि हाम्रो कार्यक्रमको उद्देश्य हो", उहाँले भन्नुभयो । महोत्सव चैत २९ गतेदेखि वैशाख १ गतेसम्म फेवातालको किनारा लेकसाइड क्षेत्रमा सञ्चालन हुनेछ । नेपाली कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको मुख्य उद्देश्यसहित पर्यटन, संस्कृति र खानालाई जोड दिएर महोत्सव गरिँदै आइएको छ ।पोखरा पर्यटनको राजधानी रहेको र यस सहरलाई पर्यटकको पहिलो रोजाइको गन्तव्य बनाउनु पर्छ । रासस


**भूमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट**

**जग्गा नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला रौतहट साविक गाविस पुरेन्वा वडा न.-४ परिवर्तित गौर न.पा.-१२ हाल कायम गौर न.पा-८ मा बस्ने भिखारी साहको नाति ननिपत साहको छोराहरु सिताराम साह तेली र रामचन्द्र साह तेलीले आफ्नो वुवा नाता पर्ने ननिपत साह तेलीको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स. पुरेन्वा वार्ड नं.३ कित्ता नं.४७३ को ज.वि.०-२-०, ऐ.ऐ. किता नं.१३८७ को ज.वि.०-०-८ जग्गाको नामसारी माग गरेकोमा मोठ भिडान हुदाँ किता नं.४७३ को मोठ कायम रही रोक्का नदेखिएको साथै किता नं. १३८७ को जग्गा सनझरिया साह तेलीको नाउँमा दर्ता कायम रहेको जग्गा ना.सा.मि.नं.१८३ ता.सि.नं.१९५७ मिति २०६९/०५/१४ गतेको निर्णयले राम बालक साहनीको नाउँमा दा.खा. भै गएको मोठको कैफियतवाट देखिआएको साथै ना.सा.मि.नं.१८३ मिति २०६९/०५/१४ ता.सि.नं.१९५७ मिति-२०६९/०५/१४ गतेको निर्णयको प्रमाणित प्रतिलिपीमा किता नं.४७३ को निर्णय नभै गाविस पुरेन्वा वडा नं.७ किता नं.२८५२ ज.वि.०-०-११-१२ निर्णय भएको देखिन्छ किता नं.१३८७ को ज.वि.०-०-८ गौर ना.पा.-८ को चलानी नं.५३५ मिति २०८२/११/२८ गतेको सिफारिसमा सनझरिया साह तेलीको नाउँमा मोठ श्रेस्ता कायम गरी निजको हकखाने हकदार रामचन्द्र साह तेली र सिताराम साह तेलीको संयुक्त नाउँमा नामसारी गरी दिने सिफारीस भै आएकोले उल्लेखित जग्गाको नामसारी सम्वन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८२/१२/०५ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी माग बमोजिम नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम मोठ श्रेस्ता कायम भै नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पुरेन्वा | ३ | १३८७ | ०-०-८ | मोठ श्रेस्ता कायम नरहेको |

**भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट**

**जग्गा नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला रौतहट साविक गाविस भलोहीया वडा न.-९ हाल दुर्गा भगवती गा.पा.-२ मा बस्ने सुकदेव लालको नाति शिवचन्द्र प्रसाद वर्माको छोरा रोहित चन्द्र वर्माले आफ्नो धर्म पुत्रको आमा नाता पर्ने सुकदेव लालको छोराबुहारी रामसेवक प्रसाद वर्माको पनि गिरजा देवी कायस्तनीको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स.भलोहीया वार्ड नं.४ किता नं.३०५ को ज.वि.०-२-१०, ऐ.ऐ. किता नं. ३०९ को ज.वि.०-६-१० र ऐ.ऐ.किता नं.३०२ को ज.वि.०-४-५ जग्गाको नामसारी माग गरेकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको साथै दुर्गा भागवाती गा.पा-२ को चलानी नं. ७७२ मिति-२०८२/१२/०२ गतेको सिफारीसमा दर्तावाला ज.ध. गिरजा देवी कायस्तनी मिति २०७२/०९/२५ गतेमा मृत्यु भई निजहरुको हकखाने हकदार १ एक मात्र पति रामसेवक प्रसाद वर्मा पनि मिति २०६६/०७/१४ गतेमा प्रलोक भई हाल भूमि सुधार तथा मालपोत कार्यालय गौर रौतहटवाट पारित र.नं.६ मिति २०५५/०४/०३ गतेको पारित धर्मपुत्र लिखत बमोजिम सबै भन्दा निजको हक खाने हकदार १ एक मात्र धर्म पुत्र छोरा रोहित चन्द्र वर्माको वाहेक अरु कोही हकदार नभएकोले निज रोहित चन्द्र वर्माको नाउँमा नामसारी गरी दिने बारे सिफारिस भएकोले उल्लेखित जग्गाको नामसारी सम्वन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८२/१२/०५ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | बडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | भलोहीया | ४ | ३०५ | ०-२-१० | गिर्जा देवी कायस्तनी वतन-भलोहीया-९ पति-राम सेवक प्र. वर्मा ससुरा - सुकदेव लाल |
| रौतहट | भलोहीया | ४ | ३०९ | ०-६-१० | |
| रौतहट | भलोहीया | ४ | ३०२ | ०-४-५ | |

**मालपोत कार्यालय सिम्रौनगढ बारा**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त बिसुनी रायको नाती दहाउर राउतको छोरा भारत बिहार राज्य जिल्ला पूर्वी चम्पारण झरौखंर पोस्ट जमुनिया बस्ने दिनानाथ राय र बैजु रायले तपसिल बमोजिमको कित्ता जग्गा नामसारी,श्रेस्ता अध्याबधिक हक कायम संशोधन गरिपाउँ भनि माग गर्नु भएको हुदा उल्लेखित जग्गा निज निवेदकको अनुसार बारा जिल्ला सिम्रौनगढ न.पा ६ को च.नं.८९४ मिति २०८२/१०/२६ को किटानी सिफारिस, ग्राम पंचायत राज झरौखर ०२ प्रखण्ड घोडासहन पूर्वी चम्पराण विहारको पत्रांक १४५ दिनांक २२-०१-२०२६ को सिफारिस, नाता प्रमाणित, मालपोत रसिद, कम्प्युटर प्रिन्ट श्रेस्ता प्रतिलिपि, आधार कार्ड समेतको आधारमा दहाउर राउतको नाममा दर्ता रहेको जिल्ला बारा साविक गा.वि.स. गोलागंज वडा नं. १ कि.नं. २१२ को ०-९-१०-८ को जग्गा निज जग्गाधनी दहाउर राउत ई.स. १९९५ सालमा र निजको पत्नी श्रीमती सुखिया देवी पनि ई.स. ०५/०३/२००२ मा आफ्नो कालगतिबाट प्रलोक भएपछि निजपछिको हकखाने निजका दाम्पत्य जिवनबाट जायजन्म भएका दुई जना छोराहरु जेठो दिनानाथ राय र कान्छो बैजु रायले श्रेस्ता अध्यावधिक गरी हककायम गरिदिनको लागि मागदावी गरेको हो निजहरुको नाममा श्रेस्ता अध्यावधिक गरी हककायम गर्न नहुने तथा यो जग्गाको अन्य हकदार भए सूचना प्रकाशन भएको ३५ दिन भित्र उजुर बाजुर गर्नु होला अन्यथा कानून बमोजिम हुनेछ ।

**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना**

प्रकाशित मिति : २०८२/१२/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति:** २०८२/१२/१६ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा

**बोलपत्र खोलिने मिति/समय:** २०८२/१२/१८ गते, बुधबार दिनको ३ बजे

**क्र.सं. शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : साहिन हार्डवेयर**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/विभाग, जनकपुर
प्रा.फ.र.नं. १२०५८/६७९/२०७५/०७६, दर्ता मिति : २०७५/०६/२६, पान नं. ६०८६३४०६९, दर्ता मिति : २०७५/०६/२८
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७, जिरो माईल, **प्रोप्राईटर : मो. मैनुद्दीन**

**जमानतकर्ताको विवरण**

१. **नाम : मो. मैनुद्दीन**
ना.प्र.नं. ०७८०७१/२६७१४८३९, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/०२/१५,
बाबुको नाम : मो. समसुल हक
बाजेको नाम : बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

२. **नाम : सबेदा खातुन**
ना.प्र.नं. ५५०/९५४२६७१२७६८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०४५/०२/३१
पतिको नाम : मो. समसुल हक
ससुराको नाम :बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

३. **नाम : मु. नेजामुद्दीन**
ना.प्र.नं. २६७१३५८८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५५/११/३०
बाबुको नाम : मो. समसुल हक, बाजेको नाम : बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

**धितोको विवरण**

सवेदा खातुनको नाममा मालपोत कार्यालय जलेश्वर महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ५ ख स्थित कि.नं. ९३२ र ९३३ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-४-०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

२. **नाम : गुरु ड्रिकिङ्ग वाटर**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, धनुषा, जनकपुरधाम
प्रा.फ.द.प्र.प.नं. ८३१८/४२/०७२/०७३, दर्ता मिति : २०७२/०४/३१, पान नं. ६०८१४५२४०, दर्ता मिति : २०७५/०४/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४, **प्रोप्राईटर : बिक्रम मण्डल**

**जमानतकर्ताको विवरण**

१. **नाम : बिक्रम मण्डल**
ना.प्र.नं. ३९६९२५५५, जि.प्र.का. धनुषा
जारी मिति : २०५०/०९/२६
बाबुको नाम : रामदेव मण्डल
बाजेको नाम : कारी मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

२. **नाम : अनरीया देवी मण्डल**
ना.प्र.नं. १७/४४४९००१४, जि.प्र.का. धनुषा
जारी मिति : २०४३/०९/०१
पतिको नाम : रामदेव मण्डल
ससुराको नाम : कारी मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

३. **नाम : लक्ष्मी देवी**
ना.प्र.नं. ३९६९६७०८, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/१८
पतिको नाम : विक्रम मण्डल, ससुराको नाम : रामदेव मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

**धितोको विवरण**

१. अनरीया देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.नं. १२२, ५३, ५०, ३२ र ३६ को क्षेत्रफल क्रमशः १०२.६०, ५४९.८२, ६९१.९८, ५५१.१५ र १८१.५१ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. बिक्रम मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. २ को क्षेत्रफल ६८६.३० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# कारखाना पुनः सञ्चालनको सम्भावना अध्ययनमा जुटे सांसद पुन



**टुडे समाचारदाता**

वीरगञ्ज । नवनिर्वाचित प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय अविष्कार केन्द्रका प्रमुख महावीर पुन कृषि औजार कारखाना पुनः सञ्चालनको सम्भावना अध्ययनमा जुटेका छन् ।

लामो समयदेखि बन्द अवस्थामा रहेको सो कारखानालाई पुनः सञ्चालन र आधुनिकीकरण गर्ने सम्भावनाबारे अध्ययन गर्न सांसद पुन कारखाना पुगेका छन् ।

कारखाना परिसरको निरीक्षण गर्दै पुनले त्यहाँ रहेका मेसिन, भौतिक पूर्वाधार तथा जनशक्तिको अवस्थाबारे जानकारी लिएका थिए । यसका साथै उनले स्थानीय सरोकारवालासँग छलफल गर्दै स्वदेशमै कृषि औजार उत्पादन बढाउनुपर्ने आवश्यकता औंल्याए ।

उनले जनाए अनुसार नेपालमा प्रयोग हुने अधिकांश कृषि उपकरण आयातमा निर्भर भएकाले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नु अत्यावश्यक रहेको छ ।

कुनै समय देशकै प्रमुख कृषि औजार उत्पादन केन्द्रका रूपमा परिचित उक्त कारखाना पछिल्ला वर्षहरूमा निष्क्रिय बनेको छ। तर पुनको सक्रियतासंगै यसको पुनर्जीवनको आशा पुनः जागेको स्थानीयहरूले बताएका छन् ।

स्थानीय उद्योगी, कृषक तथा अन्य सरोकारवालाले कारखाना पुनः सञ्चालनमा आए कृषि क्षेत्रमा लागत घट्ने र रोजगारीका अवसर बढ्ने विश्वास व्यक्त गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका सांसद पुनले सरकार, निजी क्षेत्र र प्राविधिक समूहबीच सहकार्य भए कारखानालाई आधुनिक बनाउँदै सञ्चालनमा ल्याउन सकिने बताए ।

# चैती छठः खरना सम्पन्न, आज सन्ध्याकालीन अर्घ्य

**सूर्य उपवासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो । जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिइ पूजा गारिन्छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरी मंगलबार साँझ जनकपुरधामसहित मधेशमा चैती छठ मनाइँदै छ । सूर्य उपवासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो । जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिइ पूजा गरिन्छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्व पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरीलगायत तराई-मधेश-मिथिलाञ्चल भरि न



धूमधामका साथ मनाइँदै छ ।

छठ पर्व धनुषासहितको विभिन्न क्षेत्र तथा सहरी क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा नहरको किनारमा अर्घ्य दिनका लागि भक्तजनको तयारी भइरहेको छ । सत्य तथा अहिंसाप्रति मानवको रुचि बढाउन र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ ।

सूर्यको उपवासना गरिने पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । यस अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन मंगलबार व्रतालुहरूले 'नहाय खाय' अर्थात् नुहाएर खाने गर्दछ वा जीउ चोख्याउनेकाम गर्दछन् । यस अ घ सोमबार च ती छठ अन्तर्गतको खरना विधि सम्पन्न भएको छ । खरनाको दिन व्रतालुहरूले दिनभरि उपवास निराहार बसेर राति छठी मातालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (विना नुन हालेका) खानेकुरा खाएका थिए ।

त्यस्तै तेस्रो दिन मंगलबार साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटिएर बनाइएको पीठोबाट विभिन्न परिकारसहितका ठकुवा, खजुरिया, पेरुकिया जस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्छन् ।

षष्ठीका दिन व्रतीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालैपालो गरी अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्नेछन् । अन्तिम दिन एकाबिहानै पुनः छठ घाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातः कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिइ छठ पर्व सम्पन्न गर्नेछन् ।

# बुहारीको कुटपिटबाट सासूको मृत्यु, दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जिराभवानी गाउँपालिकामा परिवारजनको कुटाइबाट एक वृद्ध महिलाको मृत्यु भएको छ । जिराभवानी गाउँपालिका-१ स्थित पिपरा टोलकी ५५ वर्षीया सायदा श्रीवास्तवको आफ्नै बुहारीको कुटपिटबाट सोमबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ ।

उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मृतककी बुहारी २६ वर्षीया पिंकी देवी र उनका आफन्त १६ वर्षीया गायत्री कुमारीलाई नियन्त्रणमा लिएको पर्सा प्रहरीले जनाएको छ । उनीहरूलाई इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक समुन्नत अधिकारीले जानकारी दिए ।

स्थानीयवासीका अनुसार मृतक सायदा र उनकी बुहारीबीच लामो समयदेखि विवाद हुँदै आएको थियो । सोही विवादका कारण घटना भएको प्रारम्भिक अनुमान गरिएको छ ।

मृतकको शव पोस्टमार्टमका लागि नारायणी अस्पताल पठाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# मोटरसाइकल मर्मतको बिल विवादः ६ जनाविरुद्ध ज्यान मार्ने मुद्दा




**टुडे समाचारदाता**

लहान । सिरहामा मोटरसाइकल मर्मतको बिल भुक्तानीको विषयमा भएको सामान्य विवादले हिंसात्मक रूप लिँदा ६ जनाविरुद्ध ज्यान मार्ने अभियोगमा मुद्दा दायर गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार सिरहा नगरपालिका-१२ का २५ वर्षीय आरिफ मियाँ, ५० वर्षीय करिया मियाँ, २० वर्षीय अरमान मियाँ, ३४ वर्षीय हासिम मियाँ, ३० वर्षीय बक्कर मियाँ र २४ वर्षीय नइम दफालीविरुद्ध उक्त अभियोगमा मुद्दा दायर गरिएको छ ।

सिरहाका प्रहरी प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले दिएको जानकारीअनुसार घटनामा संलग्नमध्ये आरिफ मियाँ प्रहरी नियन्त्रणमा रहेका छन् भने अन्य आरोपितहरू फरार रहेकाले खोजी कार्य तीव्र पारिएको छ । सबै आरोपितहरू एउटै वडाका बासिन्दा रहेको प्रहरीले जनाएको छ ।

गत ६ चैतमा सिरहा नगरपालिका-१२ स्थित सारश्वर क्षेत्रमा स्थानीय सलमान मियाँ र हासिम दफाली पक्षबीच मोटरसाइकल मर्मतको बिल भुक्तानीको विषयमा विवाद उत्पन्न भएको थियो । शुरुमा भनाभन पछि विवाद चर्किँदै जाँदा दुबै पक्षबीच कुटाकुट भएको सिरहा प्रहरीले जनाएको छ ।

उक्त घटनामा सलमान पक्षका ४ जना र हासिम पक्षका २ जना गरी ६ जना घाइते भएका थिए । घाइतेमध्ये एक जनाको उपचार अझै जारी रहेको छ भने अन्यले प्रादेशिक अस्पताल सिरहामा उपचार गराएर घर फर्किसकेको सिरहा प्रहरीले जनाएको छ ।

सिरहा प्रहरीले घटनाको थप अनुसन्धान भइरहेको र फरार आरोपितहरूलाई शीघ्र पक्राउ गर्ने प्रयास जारी रहेको जनाएको छ ।

# पोखरिया नगरपालिकामा 'संस्थागत ठगी' भन्दै छानबिनको माग

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पोखरिया नगरपालिकामा पछिल्लो समय नगर प्रशासन र विभिन्न तहबाट संस्थागत रूपमा ठगी धन्दा फस्टाउँदै गएको भन्दै स्थानीय स्तरमा छानबिनको माग गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

बेरोजगार युवा र आम नागरिकलाई विभिन्न बहानामा आर्थिक शोषण गरिएको भन्दै राष्ट्रिय मुक्ति पार्टी नेपाल पर्साले गम्भीर ध्यानाकर्षण गराएको छ ।

नेपाली कांग्रेस र नेकपा एमालेलगायतका प्रमुख दलहरूको कार्यपालिकामा प्रतिनिधित्व रहे तापनि जनताको हितविपरीतका गतिविधिहरू नरोकिएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । पटक-पटक ध्यानाकर्षण गराउँदा समेत सम्बन्धित निकायले ठोस पहल नगरेको भन्दै सो पार्टीका सह-महासचिव नेजामुद्दीन शमानीले प्रेस विज्ञप्तिमार्फत गम्भीर आरोपहरू सार्वजनिक गरेका छन् ।

जारी गरिएको विज्ञप्तिमा उल्लेख भएअनुसार नगरपालिकामा जागिर लगाइदिने प्रलोभन देखाई सर्वसाधारणबाट मोटो रकम असुल्ने गरिएको छ ।

त्यस्तै कर वृद्धिको नाममा पनि नागरिकमाथि चर्को आर्थिक



भार थपिएको दाबी गरिएको छ । नियमको बहाना बनाएर अनावश्यक शुल्क असुली गर्ने र पहिले ३०० रुपैयाँ लाग्ने गरेको सम्पत्ति करलाई ह्वात्तै बढाएर १५०० रुपैयाँ पुऱ्याइएकोप्रति कडा विरोध जनाइएको छ । आन्दोलनपछि १० प्रतिशतमात्रै कर घटाइनुले जनतालाई न्याय नहुने आन्दोलनकारीहरूको ठहर छ ।

नगर विस्तार र विकास योजनाका नाममा पनि स्थानीयबाट रकम उठाउने र भ्रम सिर्जना गर्ने काम भइरहेको आरोप लगाइएको छ । विशेषगरी विकास योजनाहरूको डिपिआर तयार गर्ने प्रक्रियामा व्यापक आर्थिक अनियमितता र बजेटको दुरुपयोग भएको दाबी शमानीको छ । सार्वजनिक बजेटलाई प्रभावकारी काममा लगाउनुको साटो कार्यकर्ता पोस्ने र व्यक्तिगत लाभ लिने काममा प्रयोग गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

राष्ट्रिय मुक्ति पार्टीले उक्त अनियमितताको विषयमा तत्काल निष्पक्ष र पारदर्शी छानबिन गर्न सरकारसँग माग गरेको छ । दोषी ठहर भएकाहरूलाई कडा कानुनी कारबाही गर्न, ठगीका सिकार भएकाहरूलाई उचित क्षतिपूर्ति दिन र कर प्रणालीलाई न्यायोचित बनाउन पाँचबुँदे माग अघि सारिएको छ ।

आगामी दिनमा यस्ता गतिविधि नरोकिए र अनुगमन व्यवस्था कडा नबनाइए सशक्त आन्दोलनमा होमिने चेतावनी समेत शमानीले दिए ।

# किशोरी बेपत्ता प्रकरणः संरक्षकसहित चारजनामाथि गम्भीर आरोप

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सुरुंगा नगरपालिका-३ स्थित लक्ष्मीपुरकी १४ वर्षीया दलित बालिका बेपत्ता भएको घटना रहस्यमय बनेको छ ।

किशोरी ७ महिनाकी गर्भवती रहेको दाबी गर्दै आफन्तले 'संरक्षक'को रूपमा रहेका व्यक्तिसहित चारजनाविरुद्ध जबर्जस्ती करणीको आरोप लगाउँदै प्रहरीमा उजुरी दिएका छन् ।

गत सातादेखि सम्पर्कविहीन भएकी ती बालिकाको खोजीका लागि प्रहरीले तीव्रता दिएको जनाएको छ । बालिकाका आफन्तका अनुसार सानै उमेरमा आमाबुवा गुमाएकी उनलाई स्थानीय महेश्वर यादवले पालनपोषण गर्ने भन्दै करिब एक दशकअघि आफ्नो घरमा राखेका थिए ।

तर पढाइको व्यवस्था नगरी घरेलु काममा लगाइएको र यसबीचमा यौन शोषण गरी गर्भवती बनाइएको आरोप उजुरीमा उल्लेख गरिएको छ ।

बालिकाकी भाउजुले दिएको जाहेरीमा महेश्वर यादव, उनका छोरा कुन्दन यादव, वडा सदस्य बद्री यादव र स्थानीय धर्मदेव यादवमाथि अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ ।

घटनापछि बालिका कहाँ छन् भन्नेबारे स्पष्ट जानकारी नभएको प्रहरीले जनाएको छ । प्रारम्भिक रूपमा उनलाई वडा नं. ४ कनकपुर




मुसहरी टोल बस्ने दिदीले लगेका भनिए पनि त्यहाँ पनि नभेटिएको र आरोपितहरू समेत फरार रहेकाले घटना थप जटिल बनेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बरबहादुर पुरीका अनुसार बालिका बेपत्ता र जबर्जस्ती करणीसम्बन्धी उजुरी दर्ता भइसकेको छ । 'बालिकाको अवस्थाबारे यकिन हुन सकेको छैन । खोजतलास तीव्र पारिएको छ । फेला परेपछि मात्रै वास्तविकता बाहिर आउनेछ,' उनले भने ।

प्रहरीका अनुसार बालिका भेटिएपछि स्वास्थ्य परीक्षणमार्फत गर्भावस्था पुष्टि गरिने र त्यसपछि घटनाको प्रकृति अनुसार थप अनुसन्धान अघि बढाइनेछ ।

उता, स्थानीय जनप्रतिनिधिहरूले घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् । सुरुंगा-३ का वडाध्यक्ष किरणकुमार पोखरेलले दोषीलाई कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिँदै निर्दोषलाई फसाउन नहुने बताएका छन् ।

बालिकाका दिदीहरू समेत सम्पर्कविहीन रहेकाले उनीहरूको खोजी पनि भइरहेको प्रहरीले जनाएको छ । घटना संवेदनशील र गम्भीर प्रकृतिको भएकाले सबै पक्षको खोजी तथा अनुसन्धान जारी रहेको सप्तरी प्रहरीले जनाएको छ ।

# सापटी फिर्ता माग्दा आमा-छोरीमाथि निर्घात कुटपिट

**टुडे समाचारदाता**

रौतहट । सापटी फिर्ता वापतको रकम माग्दा रौतहटको कटहरिया नगरपालिका-८ स्थित पिप्रा पोखरियामा आमा-छोरीमाथि निर्घात कुटपिट भएको घटना सार्वजनिक भएको छ ।

स्थानीय ४५ वर्षीया भागमणी देवीमाथि उनका देवर नाता पर्ने ३५ वर्षीय छोटेलाल यादवले आक्रमण गरेका छन् । पीडितले जनाए अनुसार केही महिनाअघि छोटेलालले भागमणीसँग १ लाख २० हजार रुपैयाँ सापटी लिएका थिए ।

आइतबार एक व्यक्तिले छोटेलाललाई दिनुपर्ने १० हजार रुपैयाँ भागमणीको ई-सेवामा पठाएपछि सोही रकम लिन उनी भागमणीको घर पुगेका थिए । तर, भागमणीले आफूले पाउनुपर्ने



रकम कटाएर बाँकी १ लाख १० हजार रुपैयाँ दिन आग्रह गरेपछि विवाद चर्किएको थियो ।

सो विवादकै क्रममा छोटेलालले बाँसको लाठी प्रयोग गरी भागमणी र उनकी १० वर्षीया छोरी रबिता कुमारीमाथि कुटपिट गरेको पीडित परिवारको भनाइ छ ।

कुटपिटबाट रबिताको देब्रे हात भाँचिएको छ भने भागमणीको देब्रे हातमा गम्भीर चोट लागेको छ । यसका साथै उनको शरीरका विभिन्न भागमा निलडाम देखिएको बताइएको छ ।

पीडित परिवारका अनुसार आक्रमणकारीले भागमणीको भैंसी र बाख्रालाई समेत कुटपिट गरी गम्भीर अवस्थामा पुऱ्याएका छन् ।

घटनापछि पीडितलाई तत्काल कटहरिया बजारस्थित एक निजी अस्पतालमा उपचारका लागि लगिएको थियो । हाल उनीहरूको उपचार भइरहेको जनाइएको छ ।

यस घटनालाई लिएर पीडित पक्षले पत्रकार सम्मेलन गर्दै न्यायको माग गरेका छन् । भागमणी देवीले गाउँकै एक जना जनप्रतिनिधिले उजुरी नगर्न दबाब दिँदै 'गाउँमै मिलाइदिन्छु' भन्दै धम्की दिएको आरोप लगाएकी छन् ।

उनले यसअघि पनि पटक पटक कुटपिटको शिकार भए पनि दबाबका कारण न्याय पाउन नसकेको गुनासो गरिन् ।

इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई धर्मेन्द्र पौडेलले घटनाको पुष्टि गर्दै दोषीमाथि कानुनी कारबाहीका लागि आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।


## विद्यालय बिक्रीमा

सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका-९, बसन्तपुरमा विगत लामो समयदेखि सफलतापूर्वक सञ्चालन भइरहेको **श्री सगरमाथा बोर्डिङ स्कुल** बिक्री गर्नुपर्ने भएकोले इच्छुक लगानीकर्ताहरूलाई सम्पर्कका लागि अनुरोध गरिन्छ।

**विद्यालयका मुख्य विवरणहरूः**

- **स्थापना:** २०७२ साल (लामो अनुभव र राम्रो साख भएको)
- **सञ्चालन:** कक्षा १ देखि ५ सम्म (सरकारबाट मान्यता प्राप्त)
- विद्यार्थी संख्याः २५०+ अध्ययनरत विद्यार्थीहरू
- **अवस्थिति:** हरिपुर्वा-९, बसन्तपुर, सर्लाही (मुख्य बस्ती र सहज पहुँच भएको स्थान)
- **भौतिक पूर्वाधार:** कक्षा कोठा, फर्निचर र शैक्षिक सामग्रीहरूको पूर्ण व्यवस्था।

**किन खरिद गर्ने?**

- स्थानीय क्षेत्रमा स्थापित र विश्वासिलो नाम ।
- नयाँ शैक्षिक सत्र (२०८३) सुरु हुन लागेकोले लगानीका लागि उपयुक्त समय।
- अनुभवी शिक्षक टोली र निरन्तर सञ्चालनमा रहेको मुनाफा योग्य संस्था ।

**थप जानकारी र मूल्यका लागि सिधै सम्पर्क गर्नुहोस्:**

- **सम्पर्ककर्ता: श्री विनोद यादव**
- **मोबाइल:** ९८४४०८७६३५ / ९८१५३७०३०२
- **स्थान:** हरिपुर्वा-९, बसन्तपुर, सर्लाही



## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरुसंग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८